# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १७३ | काठमाडौं | मंगलबार, २७ असोज २०८३ | Prabhab National Daily | Tuesday, 13 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# ओलीको नेतृत्वमा सडक संघर्षको तयारीमा एमाले

## एजेण्डा संसद् पुनर्स्थापना

प्रतिनिधिसभाको असंवैधानिक विघटनविरूद्ध र विघटित प्रतिनिधिसभाको पुनर्स्थापनाको माग गर्दै हामीले सर्वोच्च अदालतमा दिएको मुद्दा अहिले पनि विचाराधीन अवस्थामा नै छ । लोकतन्त्र र संविधानले हार्नु हुँदैन । लोकतन्त्रको वापसीका लागि हामीले आफूलाई निर्णायक आन्दोलनका लागि तयारी अवस्थामा राख्नुपर्दछ ।

**■ केन्द्रीय कमिटीको राजनीतिक प्रतिवेदन**

अहिले नेपालमा लोकतन्त्र मासिएको छ, खुँडा चलाइएको छ । राष्ट्रिय अस्मिता, स्वाधीनता र स्वतन्त्रता कमजोर बनाइएको छ । यस्तो स्थितिमा हामीले यी चिजहरूको पुनःप्राप्ति गर्नु अनिवार्य सर्त हो ।

**■ केपी शर्मा ओली**
**अध्यक्ष, नेकपा एमाले**



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा एमालेले संसद् पुनर्स्थापनाको मुद्दा लिएर सडक संघर्ष गर्ने तयारी गरेको छ । यसको नेतृत्व अध्यक्ष केपी शर्मालाई नै दिने एमालेको तयारी छ । सोमबार केन्द्रीय कमिटीमा मनोनीत सदस्यहरूको शपथ कार्यक्रममा ओलीले यसको छनक दिएका हुन् । लोकतन्त्र मासिएको अवस्थामा यसलाई पुनर्स्थापना गर्नुपर्ने ओलीले बताए ।

'अहिले नेपालमा लोकतन्त्र मासिएको छ, खुँडा चलाइएको छ । राष्ट्रिय अस्मिता, स्वाधीनता र स्वतन्त्रता कमजोर बनाइएको छ । यस्तो स्थितिमा हामीले यी चिजहरूको पुनः प्राप्ति गर्नु अनिवार्य सर्त हो,' अध्यक्ष ओलीले भने । अघिल्लो भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहपछि राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते प्रतिनिधिसभा विघटन गरेका थिए । त्यतिबेला ओलीकै नेतृत्वमा कांग्रेससँगको गठबन्धन सरकार थियो ।

प्रतिनिधिसभा विघटन भएसँगै सुशीला कार्की नेतृत्वको चुनावी सरकार बनेको थियो । उक्त सरकारले फागुन २१ गते निर्वाचन गरेसँगै अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकार बनेको छ । सरकारले बलजफ्ती गरेको र यसलाई अस्वीकार गर्नुपर्ने ओलीले बताए । 'बलजफ्ती दमन गरिन्छ भने त्यसलाई अस्वीकार गर्दै प्रतिवादमा उत्रिनुपर्ने हुन्छ, त्यसैलाई आन्दोलन भनिन्छ । विगतमा पनि हामीले यो गरेका छौं, फेरि पनि गर्नुपर्ने हुन्छ,' ओलीले भने ।

पछिल्लो समय नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवासमेत संसद् पुनर्स्थापनाको पक्षमा देखिएको एमाले नेताहरू बताउँछन् । देउवाले यो विषयमा राष्ट्रपति पौडेलसँग निरन्तर संवाद गरिरहेको उनीहरू बताउँछन् । 'राष्ट्रपतिले असंवैधानिक कदम चालेका हुन् । यसलाई हामीले सच्याउनुपर्छ,' देउवाको भनाइ उद्धृत गर्दै एमालेका एक नेताले बताए ।

एमाले अध्यक्ष ओलीले आन्दोलनको अर्थ लुटपाट वा आगजनी नभई असंगठित र निःशस्त्र जनतामाथि संगठित शक्तिले गर्ने दमनको प्रतिवाद भएको बताए । सम्बोधनका क्रममा ओलीले एमालेविरुद्ध चौतर्फी घेराबन्दी र षड्यन्त्र अझै जारी रहेको दाबी गरे । २०७७ सालदेखि नै पार्टी कब्जा गरेर ध्वस्त पार्ने योजना सुरु भएको स्मरण गर्दै उनले २०७८ मा पार्टी फुटाउने र २०७९ को निर्वाचनमा सिंगै देश एकातिर लागेर एमालेविरुद्ध मोर्चाबन्दी गरिएको बताए । 'हामीविरुद्धको घेराबन्दी अझै सिद्धिएको छैन, यो एकदमै चालु छ । सामाजिक सञ्जालमार्फत हाम्रो चरित्र हत्या गर्ने र जनताको नजरमा गिराउने काम भइरहेको छ,' ओलीले भने ।

गत निर्वाचनमा विरोधीका सबै षड्यन्त्रलाई चिर्न नसक्दा पार्टी केही पछाडि परेको स्वीकार गर्दै उनले अब त्यस्ता षड्यन्त्रलाई टिक्नै नदिनेगरी अघि बढ्न नेता-कार्यकर्तालाई निर्देशन दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

संसदीय सुनुवाइमा प्रस्तावित चार राजदूत

# राष्ट्रिय हित र सम्बन्ध सुदृढ बनाउने प्रतिबद्धता

- चीन, भारत, अमेरिका र बेलायतका लागि प्रस्तावित राजदूतद्वारा कार्ययोजना प्रस्तुत
- संसदीय सुनुवाइ सकियो, नाम अनुमोदन गर्ने निर्णय गर्न बाँकी

**■ जेबी योञ्जन**

**काठमाडौं–** चार देशका लागि प्रस्तावित नेपाली राजदूतहरूले सम्बन्धित देशसँगको कूटनीतिक सम्बन्ध सुधार, आर्थिक सहकार्य विस्तार र नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाएका छन् ।

सोमबार भएको संसदीय सुनुवाइका क्रममा चीन, भारत, बेलायत र अमेरिकाका लागि प्रस्तावित राजदूतहरूले आ-आफ्ना कार्ययोजना प्रस्तुत गर्दै यस्तो प्रतिबद्धता जनाएका हुन् ।

संयुक्त राज्य अमेरिकाका लागि प्रस्तावित राजदूत चिरनजंग थापाले नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता जनाए । उनले कन्सुलर सेवाको गुणस्तर सुधार गर्ने, सुरक्षा सहकार्यलाई प्रभावकारी बनाउने र नेपाल-अमेरिका सम्बन्ध थप सुदृढ गर्ने योजना प्रस्तुत गरेका छन् ।

अमेरिकाका विभिन्न राज्यमा रहेका नेपाली नागरिकलाई सहज सेवा उपलब्ध गराउन नयाँ उपाय अपनाउने उनको भनाइ छ । सेवाग्राहीको सन्तुष्टिलाई प्राथमिकता दिँदै आवश्यक परे बिदाका दिनमा समेत सेवा दिने उनले बताए । यसका लागि परराष्ट्र मन्त्रालयसँग समन्वय गरी बजेट व्यवस्थापन गर्ने उनको योजना छ ।


डा. निश्चलनाथ पाण्डे


कल्याणराज शर्मा


चिरनजंग थापा


गौरवशमशेर जबरा

## कसको प्रतिबद्धता के ?

**चिरनजंग थापा (अमेरिका)**

- नेपालको कोर राष्ट्रिय हितलाई केन्द्रमा राखेर काम गर्ने
- अमेरिकामा रहेका नेपाली नागरिकलाई सहज सेवा दिने
- शान्ति स्थापना, विपद् व्यवस्थापन, प्रविधि हस्तान्तरण र साइबर सुरक्षामा सहकार्य विस्तार गर्ने
- कूटनीतिक पहुँच विस्तार र उच्चस्तरीय भ्रमणको वातावरण बनाउन प्रयोग गर्ने

**डा. निश्चलनाथ पाण्डे (भारत)**

- नेपाल र भारतबीच रहेका ४० भन्दा बढी द्विपक्षीय संयन्त्रका बैठक नियमित र प्रभावकारी बनाउने
- स्पष्ट कार्यतालिका बनाएर छलफललाई समस्या समाधानमा केन्द्रित गर्ने
- सीमा, व्यापार, सुरक्षा, बाढीलगायतका साझा समस्या हल गर्न दुई देशबीच संवादको उपयुक्त वातावरण बनाउने

**गौरवशमशेर जबरा (बेलायत)**

- १८१६ देखिको ऐतिहासिक सम्बन्धलाई २१औं शताब्दीको आवश्यकताअनुसार व्यापार, लगानी, प्रविधि हस्तान्तरण र जनस्तरमा विस्तार गर्ने
- नवीकरणीय ऊर्जा, शिक्षा, जलवायु परिवर्तन, हरित अर्थतन्त्र र हिमाली जैविक विविधताको संरक्षण
- ब्रिटिस गोर्खा सैनिकका समस्या गम्भीरताका साथ सम्बोधन गर्ने
- संसदीय तथा सार्वजनिक कूटनीति बढाउने
- बेलायतस्थित नेपाली समुदायलाई नेपालको विकासमा परिचालन गर्ने

**कल्याणराज शर्मा (चीन)**

- रसुवागढी पुल, स्याफ्रुबेंसी-रसुवागढी सडक, अरनिको राजमार्ग, काठमाडौं चक्रपथ, किमाथांका सडक र केरूङ-रसुवागढी-चिलिमे प्रसारणलाइनलाई प्राथमिकता दिने
- नेपालबाट प्रशोधित राँगाको मासु, अमिलो फलफूल र घाँसको साइलेज निर्यात बढाउने तथा औद्योगिक पार्क एवं विशेष आर्थिक क्षेत्र (सेज) सम्बन्धी काम अघि बढाउने

थापाले अमेरिकी सहयोगलाई नेपालको आवश्यकता र प्राथमिकताअनुसार उपयोग गर्ने बताए । शान्ति स्थापना, विपद् व्यवस्थापन, प्रविधि हस्तान्तरण र साइबर सुरक्षामा सहकार्य विस्तार गर्ने उनको प्रतिबद्धता छ । अमेरिकामा अध्ययन र काम गर्दा बनाएका सम्पर्कलाई कूटनीतिक पहुँच विस्तार तथा दुई देशबीच उच्चस्तरीय भ्रमणको वातावरण बनाउन प्रयोग गर्ने उनले बताए । सुनुवाइका क्रममा उनको व्यावसायिक आबद्धता र स्वार्थको द्वन्द्वबारे प्रश्न पनि उठ्यो ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# युएईले करिब आधाले घटायो पुलिस रिपोर्ट प्रमाणीकरण शुल्क

- यसअघि लाग्दै आएको ३५३ दिराम घटाएर २०८ दिराम कायम
- नयाँ व्यवस्था सोमबारदेखि नै कार्यान्वयनमा आएको जानकारी
- शुल्क घटेसँगै युएई जाने नेपाली श्रमिकलाई राहत
- भिजिट भिसा र बिजनेस भिसामा युएई जानका लागि प्रमाणीकरण जरूरी नहुने

**■ प्रभाव संवाददाता**




**काठमाडौं–** नेपाली श्रमिकले संयुक्त अरब इमिरेट्स (युएई) जाने नेपाली श्रमिकले पुलिस रिपोर्ट प्रमाणीकरणका लागि तिर्दै आएको शुल्क करिब आधाले घटेको छ । सोमबारदेखि झण्डै ५० प्रतिशत शुल्क मिनाहाको व्यवस्था लागू भएको जनाइएको छ ।

यसअघि युएई जाने श्रमिकले पुलिस क्लियरेन्स सर्टिफिकेट (पिसिसी) लिन ३५३ दिराम अर्थात् १४ हजार ७०० रूपैयाँ बुझाउँदै आएका थिए । सोमबारबाट श्रमिकले मोफा, भिएफएस र भ्याटसहित २०८ दिराममात्र तिर्नुपर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव हिराबहादुर डाँगीले बताए । योसँगै अबदेखि करिब आठ हजार ६०० रूपैयाँ तिरेर पिसिसी लिन सकिने भएको छ ।

गत सेप्टेम्बर २४ मा संघका अध्यक्ष डिकबहादुर खत्री तथा पदाधिकारीसहितको प्रतिनिधिमण्डलले युएईका राजदूत अब्दुल्लाह जरवान अलशाम्सीसँगको भेटमा पिसिसी प्रमाणीकरणमा लाग्दै आएको शुल्क मिनाहा गर्न अनुरोध गरेको थियो । उक्त अवसरमा राजदूत अलशाम्सीले आफ्नो मुलुकको आन्तरिक सुरक्षासम्बन्धी कारणले पिसिसी प्रमाणीकरणको व्यवस्था खारेज गर्न नसकिने तर त्यसका लागि लाग्दै आएको शुल्क घटाउन सकिने प्रतिबद्धता व्यक्त जनाएका थिए । सोही प्रतिबद्धताअनुरूप शुल्क घटाइएको संघले जनाएको छ ।

साथै, अबदेखि भिजिट भिसा र बिजनेस भिसामा युएई जानका लागि नेपाल सरकारले जारी गरेको पिसिसीमात्र भए हुने, अन्य कुनै प्रमाणीकरणको आवश्यकता नपर्नेसमेत व्यवस्था गरिएको जनाइएको छ ।

गत वर्षको भदौ २३ र २४ को जेन-जी आन्दोलनपछि करिब तीन महिना बन्द भएको युएईको रोजगारी खुलेयता उक्त मुलुक जानेहरूका लागि पुलिस रिपोर्ट प्रमाणीकरण अनिवार्य गरिएको थियो । आन्दोलनपछि जेलबाट भागेका तीन हजारभन्दा बढी कैदीबन्दी पक्राउ नपरेको भन्दै युएईले पुलिस रिपोर्ट प्रमाणीकरण अनिवार्य गरेको थियो । जसका लागि नेपाल प्रहरीले जारी गरेको क्युआर कोडसहितको रिपोर्टलाई परराष्ट्र मन्त्रालयले प्रमाणित गरिसकेपछि नेपालमै रहेको युएईको दूतावासले प्रमाणीकरण गर्दै आएको छ । भिसा फ्यासिलिटेसन सर्भिस (भिएफएस) ग्लोबलमार्फत गरिने यस्तो प्रमाणीकरणका लागि श्रमिकहरूले १४ हजार रूपैयाँभन्दा बढी रकम तिर्दै आएका थिए ।

केही वर्षयता युएई नेपालीहरूको पहिलो रोजगार गन्तव्य बन्दै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा दुई लाख ७४ हजार ५९० जना रोजगारीमा जाँदा २०८२/८३ मा एक लाख ८३ हजार ५८० जना श्रमिक युएई गएको तथ्यांक छ । झण्डै एक वर्षदेखि प्रमाणीकरणका लागि श्रमिकहरूले अतिरिक्त शुल्क बुझाउँदा मुलुकबाट ठूलो रकम बाहिरिएकोसमेत बताइँदै आएको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा


## जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत

* जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
* बाढी, पहिरो, डुवान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
* वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
* नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
* वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
* जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
* प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
* जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।
* जलवायु परिवर्तनको असरबारे सचेत बनौं, जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

## राष्ट्रिय हित...

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मधुकुमार चौलागाईंले थापा राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय मामिलाका विज्ञ भएको तथा गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामासमेत काम गरेको उल्लेख गर्दै प्रश्न गरेका थिए ।

'कतै स्वार्थको द्वन्द्व हुन्छ कि ?' भन्दै उनले सोधे, 'नेपालको कोर राष्ट्रिय स्वार्थमा काम गर्नुहुन्छ ? काम गर्नुहुन्छ भनेर कसरी विश्वास गर्ने ?' जवाफमा थापाले भने, 'नेपालको राष्ट्रिय हितभन्दा ठूलो अरू केही हुन सक्दैन ।' कुनै संस्था वा व्यक्तिसँगको सम्बन्धले आफ्नो कूटनीतिक काममा बाधा नपुऱ्याउने उनको प्रतिबद्धता थियो ।

सुरक्षा नीति, संकट व्यवस्थापन र कूटनीतिमा दुई दशकको अनुभव भएका थापा सन् २०१७ देखि अक्सफाममा एसियाका लागि क्षेत्रीय सुरक्षा सल्लाहकारका रूपमा कार्यरत छन् । उनले १५ देशमा जोखिम तथा संकट व्यवस्थापनको नेतृत्व गरेका छन् ।

यता भारतका लागि प्रस्तावित राजदूत डा. निश्चलनाथ पाण्डेले नेपाल-भारतबीच रहेका द्विपक्षीय संयन्त्रलाई नियमित र प्रभावकारी बनाउने प्रतिबद्धता जनाएका छन् । सीमा, व्यापार, सुरक्षा, बाढी तथा अन्य साझा समस्याबारे छलफल गर्न ४० भन्दा बढी द्विपक्षीय संयन्त्र रहे पनि तिनका बैठक नियमित नबस्ने समस्या रहेको उनले औंल्याए ।

सुनुवाइका क्रममा नेकपा एमालेका सांसद प्रेमप्रसाद दंगालले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) निष्क्रिय रहेको, नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी) को प्रतिवेदन ग्रहण नभएको र सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिको विषय उठाएका थिए । तर, इपिजी प्रतिवेदन र सन्धि पुनरावलोकनबारे पाण्डेले ठोस योजना प्रस्तुत गरेनन् । उनले कार्यभार सम्हालेपछि वास्तविक अवस्था बुझेर आवश्यक पहल गर्न सक्ने बताए ।

'यो विषयमा कार्यभार सम्हालेपछि मात्रै यथार्थ थाहा होला । थाहा भएपछि निवेदन गर्न सक्ने पोजिसनमा हुने छु,' उनले भने ।

पाण्डेले राजदूतको भूमिका सबै विषयमा आफैं निर्णय गर्ने नभई दुई देशबीच संवादका लागि उपयुक्त वातावरण बनाउने र सम्बन्धित निकायलाई सक्रिय गराउने भएको बताए । कुन संयन्त्रको बैठक कहिले बस्ने, त्यसमा के विषयमा छलफल गर्ने र निर्णय कार्यान्वयनको अनुगमन कसरी गर्ने भन्ने स्पष्ट कार्यतालिका आवश्यक रहेको उनको भनाइ छ ।

उनले बैठक बसेर छलफलमात्र गर्ने नभई समस्या समाधानमा केन्द्रित हुनुपर्ने बताए । बैठकपछि भएका निर्णयको कार्यान्वयन अनुगमन गर्ने र अर्को बैठकको मिति पनि तय गर्ने अभ्यास आवश्यक रहेको उनको भनाइ छ ।

बेलायतका लागि प्रस्तावित राजदूत गौरवशमशेर जबराले नेपाल-बेलायत सम्बन्धलाई व्यापार, लगानी, प्रविधि हस्तान्तरण र जनस्तरको सहकार्यमा विस्तार गर्ने प्रतिबद्धता जनाएका छन् । पूर्वप्रधानसेनापति जबराले आफूलाई सैनिक नेतृत्वकर्ताका रूपमामात्र सीमित नराखी नेपाल सरकार र नेपाली जनताको प्रतिनिधिका रूपमा काम गर्ने बताए । सन् १८१६ देखि कायम नेपाल-बेलायत कूटनीतिक सम्बन्धलाई २१औं शताब्दीको आवश्यकताअनुसार अघि बढाउने उनको योजना छ ।

उनले नवीकरणीय ऊर्जा, शिक्षा र जलवायु परिवर्तनका क्षेत्रमा सहकार्य बढाउने बताए । बेलायती लगानी, प्रविधि र विशेषज्ञतालाई नेपालको विकाससँग जोड्ने, हरित अर्थतन्त्र र हिमाली जैविक विविधताको संरक्षणमा साझेदारी गर्ने तथा बेलायतस्थित नेपाली समुदायलाई नेपालको विकासमा परिचालन गर्ने उनको योजना छ ।

जबराले संसदीय तथा सार्वजनिक कूटनीति विस्तार गर्ने र ब्रिटिस गोर्खा सैनिकसँग सम्बन्धित विषयलाई गम्भीरतापूर्वक सम्बोधन गर्ने प्रतिबद्धता पनि जनाएका छन् । आफ्नो सैनिक सेवाको अनुभवले बेलायतसँगको सम्बन्ध विस्तारमा सहयोग पुग्ने उनको विश्वास छ ।

यस्तै, चीनका लागि प्रस्तावित राजदूत कल्याणराज शर्माले नेपाल-चीनबीचका पूर्वाधार आयोजना अघि बढाउने र व्यापार विस्तार गर्ने विषयलाई प्राथमिकतामा राखेका छन् ।

उनले रसुवागढी पुल, स्याफ्रुबेंसी-रसुवागढी सडक, अरनिको राजमार्ग, काठमाडौं चक्रपथ र किमाथांका सडकलाई प्राथमिकतामा राख्ने बताए । केरुङ-रसुवागढी-चिलिमे प्रसारणलाइनमा पनि विशेष ध्यान दिने उनको प्रतिबद्धता छ । पूर्वाधारसँगै चीनतर्फ नेपाली उत्पादनको निर्यात बढाउने विषयलाई पनि उनले कार्ययोजनामा समेटेका छन् । प्रशोधित राँगाको मासु, अमिलो फलफूल र घाँसको साइलेज निर्यातमा भएको प्रगति अनुगमन गर्ने उनले बताए । औद्योगिक पार्क र विशेष आर्थिक क्षेत्रसम्बन्धी कामलाई पनि उनले प्राथमिकतामा राखेका छन् ।

शर्माको संसदीय सुनुवाइ सकिएको छ । तर, सुनुवाइ समितिले उनको नाम अनुमोदन गर्ने वा नगर्ने निर्णय लिन बाँकी छ ।

चारै प्रस्तावित राजदूतका कार्ययोजनामा द्विपक्षीय सम्बन्ध विस्तार र नेपालको राष्ट्रिय हित प्रवर्द्धन साझा प्राथमिकताका रूपमा देखिएका छन् । अब उनीहरूले प्रस्तुत गरेका योजना कार्यान्वयनमा कति प्रगति गर्छन् भन्ने विषय महत्त्वपूर्ण हुने छ ।

■■■

## ओलीको नेतृत्वमा...

समाजवादी आन्दोलनलाई सिध्याउँछौं भनेर लाग्नेहरू 'मूर्ख' भएको टिप्पणी गर्दै ओलीले कम्युनिस्ट आन्दोलन भनेकै सत्य, न्याय र मानवतावादको आन्दोलन भएको दाबी गरे ।

एमालेले असोज ५-८ मा सम्पन्न केन्द्रीय कमिटी बैठकले तत्काल पूरा गर्न १५ प्रमुख कामलाई अघि सारेको थियो । यसको पहिलो प्राथमिकतामासमेत 'संविधान र लोकतान्त्रिक प्रणालीको रक्षा' राखिएको छ । 'प्रतिनिधिसभाको असंवैधानिक विघटनविरुद्ध र विघटित प्रतिनिधिसभाको पुनर्स्थापनाको माग गर्दै हामीले सर्वोच्च अदालतमा दिएको मुद्दा अहिले पनि विचाराधीन अवस्थामा नै छ,' एमाले केन्द्रीय कमिटी बैठकले पारित गरेको राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'लोकतन्त्र र संविधानले हार्नु हुँदैन । लोकतन्त्रको वापसीका लागि हामीले आफूलाई निर्णायक आन्दोलनका लागि तयारी अवस्थामा राख्नुपर्दछ ।'

यसका लागि अरू शक्ति समूहसँगसमेत मिल्नुपर्ने प्रतिवेदनमा भनिएको छ । 'यस महान् र पवित्र राष्ट्रिय उद्देश्यमा मिल्ने/मिल्न सकिने सबै शक्ति समूह र व्यक्तिहरूसँग सहकार्य गर्दै आन्दोलनमा अघि बढ्नुपर्दछ । हाम्रो काँधमा रहेको आजको पहिलो र सबभन्दा महत्त्वपूर्ण कार्यभार यही हो,' प्रतिवेदनमा भनिएको छ ।

कार्यकर्ता भेला मंसिर २ र ३ गते

एमालेले राष्ट्रिय कार्यकर्ता भेला आउँदो मंसिर २ र ३ गते गर्ने भएको छ । राष्ट्रिय कार्यकर्ता भेला काठमाडौंमा गर्ने तय भएको एमाले संगठन विभाग प्रमुख भानुभक्त ढकालले जानकारी दिए ।

असोज ५-८ मा बसेको एमाले केन्द्रीय कमिटी बैठकले भेला बोलाउने निर्णय गरेको थियो । भेलामा स्थानीय तहका जनप्रतिनिधि, प्रदेश सांसदलगायत सहभागी हुने छन् ।

### मनोनीत केन्द्रीय सदस्यले लिए शपथ

एमालेका नयाँ मनोनीत केन्द्रीय सदस्यहरूले शपथ लिएका छन् । ललितपुरस्थित पार्टी कार्यालय च्यासलमा आयोजित कार्यक्रमबीच अध्यक्ष ओलीले उनीहरूलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

शनिबार स्थायी कमिटी बैठकले सिर्जना राई, पुष्पा केसी, सावित्रा अर्याल, इन्दु कडेरिया, सीता पंगेनी, सीता अधिकारी, धर्मनाथप्रसाद शाह, तेजमान कंगदवा, टंक आङ्बुहाङ, नवीन रोका, मिनप्रसाद गुरुङ, डबल पाण्डे र तेजेन्द्र केसीलाई केन्द्रीय सदस्यमा मनोनीत गरेको थियो ।

■■■

## युएईले करिब...

नयाँ व्यवस्थासँगै युएई जाने श्रमिकले केही राहत महसुस गर्ने जनाइएको छ ।

हाल युएई जाने ४५ मुलुकका नागरिकका लागि उक्त मुलुक प्रवेश गर्न पुलिस प्रमाणीकरण आवश्यक पर्छ । नयाँ व्यवस्था युएई जाने नेपाली श्रमिकको आर्थिक भार कम गर्नेतर्फ सकारात्मक कदम भएको भन्दै संघले युएई सरकार र युएई दूतावासप्रति धन्यवाद ज्ञापन गरेको छ ।

संघका अध्यक्ष खत्रीले आगामी दिनमा प्रमाणीकरणका लागि लाग्दै आएको शुल्क पूर्णरूपमा मिनाहा गर्नसमेत अनुरोध गरेका छन् । 'यो कदमले नेपाली श्रमिकको आर्थिक भार कम गर्ने दिशामा युएई रहेको देखिन्छ । हामी युएईलाई प्रहरी प्रतिवेदन प्रमाणीकरणको शुल्क पूर्णरूपमा मिनाहा गर्न विनम्र अनुरोध गर्छौं,' उनले भने, 'यो शुल्क हटाउँदा श्रमिकलाई थप राहत पुग्नुका साथै श्रमिकमैत्री भर्ना अभ्यासप्रति युएईको प्रतिबद्धता अझ बलियो हुन्छ ।'

# विशेष प्रकृतिका विद्यालयलाई शिक्षा ऐनमा समेट्नुपर्नेमा जोड

**काठमाडौं (प्रस)**– विशेष प्रकृतिका विद्यालयलाई शिक्षा ऐनमा समेट्दै स्वायत्त र प्रभावकारीरूपमा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् । शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षा ऐन तर्जुमाका लागि रायसुझाव संकलन गर्ने क्रममा विशेष उद्देश्यले स्थापित विद्यालयका पदाधिकारी तथा सरोकार भएकासँग गरेको छलफलमा यस्तो सुझाव दिइएको हो ।

सिंहदरबारस्थित मन्त्रालयमा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाको अध्यक्षतामा बसेको बैठकमा विशेष प्रकृतिका विद्यालयको सञ्चालन तथा व्यवस्थापन, नीतिगत र कानुनी व्यवस्था, आर्थिक व्यवस्थापन र पठनपाठनको गुणस्तरलगायत विषयमा छलफल भएको थियो ।

छलफलमा यस्ता विद्यालयलाई राष्ट्रिय विद्यालय शिक्षा प्रणालीको मूलधारमा समाहित गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गर्नुपर्नेमा जोड दिइएको थियो । साथै, विद्यालय सञ्चालनमा तीनै तहका सरकारबीच समन्वय कायम गर्ने, प्रशासनिक प्रक्रियालाई जवाफदेही बनाउने र उपयुक्त सञ्चालन ढाँचा निर्धारण गर्ने विषयमा पनि छलफल भएको थियो ।

प्रमुख सल्लाहकार झाले विशेष प्रकृतिका विद्यालयको सञ्चालन तथा व्यवस्थापनलाई नीतिगत रूपमा सम्बोधन गर्न र भविष्यको सञ्चालन ढाँचा तय गर्न सम्बन्धित विद्यालयका पदाधिकारीसँग छलफल गरिएको बताए । मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले विशेष उद्देश्यले स्थापित विद्यालयलाई थप प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यकताअनुसार नीतिगत र संरचनागत सुधार गरिने बताए ।

छलफलमा सैनिक विद्यालय, प्रहरी विद्यालय, एसओएस विद्यालय, निजामती विद्यालय, गण्डकी बोर्डिङ स्कुल, बूढानीलकण्ठ स्कुल र सहिद स्मृति विद्यालयका प्रतिनिधिको सहभागिता थियो । सहभागी विद्यालयका प्रतिनिधिहरूले द्वन्द्वपीडित बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न स्थापना गरिएका विद्यालयमा विद्यार्थी सङ्ख्या वृद्धि गर्न नसकिएको, शिक्षक दरबन्दी अभाव रहेको र व्यवस्थापकीय कठिनाइ भोग्नुपरेको गुनासो गरेका थिए ।


### ३५ (पैतिस) दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना

**मिति प्रकाशित मिति २०८३/०६/२७ गते**

२०६७/०८/१६ मा दर्ता भएको यस **इन्डिगो होम्स प्रा.लि. (प्रा.लि.नं. ७८०४९/०६७/०६८)** लाई मिति २०८३/०६/२६ गते बसेको विशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाइ स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले **३५ (पैतिस) दिन** भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनी यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउँदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) : सन्तोष राना मगर (इजाजत नं.१६५)**
**का.म.न.पा.२९, काठमाडौ, सम्पर्क नम्बर (९८१३२४४६५५)**

**याम्बालिङ हाइड्रोपावर लिमिटेड**को

**सामूहिक लगानी कोषहरूको लागि छुट्याइएको साधारण शेयरको लक-इन (Lock-In) अवधि समाप्ति सम्बन्धी सूचना**

प्रकाशन मिति: २०८३/०६/२७

नेपाल धितोपत्र बोर्डबाट प्राप्त निर्देशन अनुसार यस याम्बालिङ हाइड्रोपावर लिमिटेडको सार्वजनिक निष्काशन मार्फत निष्काशन गरिएको साधारण शेयर मिति २०८३/०१/३० गते बाँडफाँड गरिएको थियो । जसमध्ये सामूहिक लगानी कोषलाई छुट्याइएको ५% ले हुन आउने रु. १,०५,००,०००/- (अक्षरेपी एक करोड पाँच लाख मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु. १००/- दरको १,०५,००० कित्ता साधारण शेयरको लक-इन (Lock-In) अवधि सर्वसाधारणमा बाँडफाँड भएको मितिले छ (६) महिना अर्थात् मिति २०८३/०७/२९ (सन् २०२६/११/१५) सम्म रहेको र सो पश्चात् समाप्त हुने व्यहोरा सम्पूर्ण नियमनकारी निकायहरू तथा शेयरधनी महानुभावहरू र सरोकारवालाहरूलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**नोटः** सामूहिक लगानी कोषको एउटा योजना परिपक्व भइसकेको हुँदा नेपाल धितोपत्र बोर्डको मिति २०८०/०७/२०, (पत्र संख्या-२०८०/५१ चलानी नं. ११७५) को पत्रमा भएको व्यवस्था बमोजिम उक्त योजनाको स्वामित्वमा रहेका कुल ९९५ कित्ता शेयर लक इन अवधि समाप्त हुन अगावै फुकुवा गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०८२/०४/०५ मा दर्ता भएको **सि. एन. होटल प्राइभेट लिमिटेड (प्रा. लि. नं. ३७००६०)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### ३५ (पैतिस) दिने हकदाबी गर्न आउने सार्वजानिक सूचना

**प्रकाशित मिति २०८३/०६/२७ गते**

२०६८/११/१२ मा दर्ता भएको यस **हाचि-को नेपाल ईन् प्रा.लि. (प्रा.लि.नं.९०४४५/०६८/०६९)** लाई मिति २०८३/०६/२६ गते बसेको विशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाई स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनीप्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले **३५ (पैतिस) दिन** भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनी यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउँदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) : सन्तोष राना मगर (इजाजत नं.१६५)**
**का.म.न.पा.२९, काठमाडौ, सम्पर्क नम्बर (९८१३२४४६५५)**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०५९/०८/०२ मा दर्ता भएको **बज्र होलिडेज प्राइभेट लिमिटेड (प्रा.लि. नं. २१५७१)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### ३५ (पैतिस) दिने लिक्विडेटर कार्यालय हकदावी सम्बन्धि सूचना

**मिति प्रकाशित मिति २०८३/०६/२७ गते**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०९/२७ मा प्रा.लि. नं ६९५२० मा **दिर्ता इन्ड-टेक सोलुसन्स प्रा.लि.** को मिति २०८३/०६/२६ मा सम्पन्न विशेष बैठकको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय कम्पनी संग कोलह कसैको कुनै किसिमको लेनदेन वा बाकी बक्यौता रहेको भए योसूचना प्रकाशन गररएको मितिले **३५ दिन** भित्र निम्न लिखीत लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिरएको छ ।

**लिक्विडेटरः नारायण प्रसाद रेग्मी (इजाजतपत्र ६१८)**
**काठमाडौं सम्पर्क नं. ९८५११९०७९४**

### ३५ (पैतिस) दिने लिक्विडेटर कार्यालय हकदावी सम्बन्धि सूचना

**मिति प्रकाशित मिति २०८३/०६/२७ गते**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८२/०७/३० मा प्रा.लि. नं ३७८५२० मा **रेशु चाइल्ड केयर सेंटर प्रा.लि.** को मिति २०८३/०६/२६ मा सम्पन्न विशेष बैठकको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय कम्पनी संग कोलह कसैको कुनै किसिमको लेनदेन वा बाकी बक्यौता रहेको भए योसूचना प्रकाशन गररएको मितिले **३५ दिन** भित्र निम्न लिखीत लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिरएको छ ।

**लिक्विडेटरः नारायण प्रसाद रेग्मी (इजाजतपत्र ६१८)**
**काठमाडौं सम्पर्क नं. ९८५११९०७९४**

### ३५ (पैतिस) दिने लिक्विडेटर कार्यालय हकदावी सम्बन्धि सूचना

**मिति प्रकाशित मिति २०८३/०६/२७ गते**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/११/१५ मा प्रा.लि. नं ४४४०४ मा **ब्राइट सनलाइट एजुकेशनल कन्सल्टेन्सी प्रा.लि.** को मिति २०८३/०६/२६ मा सम्पन्न विशेष बैठकको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय कम्पनी संग कोलह कसैको कुनै किसिमको लेनदेन वा बाकी बक्यौता रहेको भए योसूचना प्रकाशन गररएको मितिले **३५ दिन** भित्र निम्न लिखीत लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिरएको छ ।

**लिक्विडेटरः नारायण प्रसाद रेग्मी (इजाजतपत्र ६१८)**
**काठमाडौं सम्पर्क नं. ९८५११९०७९४**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, २७ असोज, २०८३

| | |
|---|---|
| मेष | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा ध्यान दिनुहोला । |
| वृष | आत्मविश्वास बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । |
| मिथुन | काममा सफलता मिल्नेछ । स्वास्थ्य र आराममा ध्यान दिनुहोस् । |
| कर्कट | साथीभाइबाट सहयोग मिल्नेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| सिंह | महत्त्वपूर्ण काम पूरा हुने दिन छ । पारिवारिक सम्बन्ध सुमधुर रहनेछ । |
| कन्या | नयाँ योजना बनाउन अनुकूल समय छ । यात्राबाट लाभ मिल्न सक्छ । |
| तुला | कामको दबाब बढ्न सक्छ । धैर्य र संयमले समस्या समाधान हुनेछ । |
| वृश्चिक | नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ । आम्दानीका स्रोत बढ्ने संकेत छ । |
| धनु | मनमा उत्साह बढ्नेछ । रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ । |
| मकर | काममा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको संकेत छ । |
| कुम्भ | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो सहयोग मिल्नेछ । |
| मीन | नयाँ अवसर प्राप्त हुन सक्छ । बोलीमा संयम अपनाउनुहोस् । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२७ असोज, २०८३ (१३ अक्टोबर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५४.४८ | १५५.०८ |
| युरो | १ | १७३.३२ | १७३.९९ |
| पाउन्ड स्टर्लिङ | १ | २०४.५५ | २०५.३५ |
| स्विस फ्रैन्क | १ | १८५.९२ | १८६.६४ |
| अस्ट्रेलियन डलर | १ | १०७.८३ | १०८.२५ |
| क्यानाडियन डलर | १ | १०८.५७ | १०८.९९ |
| सिङगापुर डलर | १ | १२०.६८ | १२१.१५ |
| जापानी येन | १० | ९.७६ | ९.८० |
| चिनियाँ युआन | १ | २३.०८ | २३.१७ |
| साउदी अरब रियाल | १ | ४१.१५ | ४१.३१ |
| कतारी रियाल | १ | ४२.४२ | ४२.५८ |
| थाई भाट | १ | ४.६१ | ४.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४२.०६ | ४२.२३ |
| मलेसियन रिङेट | १ | ३७.८२ | ३७.९६ |
| दक्षिण कोरियन वन | १०० | ११.५२ | ११.५६ |
| स्विडिस क्रोनर | १ | १५.५१ | १५.५७ |
| डेनिस क्रोनर | १ | २३.१९ | २३.२८ |
| हङकङ डलर | १ | १९.६९ | १९.७६ |
| कुवेती दिनार | १ | ५०१.३१ | ५०३.२६ |
| बहराइन दिनार | १ | ४०९.११ | ४१०.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

दीक्षित प्रहरीलाई प्रधानमन्त्री शाहको निर्देशन

# पेसागत आचरण र अनुशासन पालना गर्नू

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले कुनै पनि पेसागत सफलताका लागि पहिलो मानक नैतिकता, निष्ठा र इमानदारीपन आवश्यक रहेको बताएका छन् ।

राष्ट्रिय प्रहरी प्रतिष्ठान महाराजगञ्जमा सोमबार आयोजित प्रहरी निरीक्षक आधारभूत तालिम १-१८४ औं समूहको दीक्षान्त समारोहमा प्रधानमन्त्री शाहले तालिममा सिकेको सिकाइलाई पूर्णरूपमा आत्मसात् गर्न र व्यवहारमा उतार्न दीक्षित हुने सबैलाई निर्देशन दिए ।

उनले भने, 'पेसागत आचरण र अनुशासन कायम गर्दै, संविधान, प्रचलित कानुन, नियम, कार्यविधि र मापदण्डको सहीरूपमा पालना गर्नु/गराउनु व्यक्तिको पेसागत सफलता रक्षा गर्न अहम् आवश्यकता पर्दछ । जिम्मेवारीप्रति जवाफदेहिता पनि महत्त्वपूर्ण पक्ष हो । प्रहरी सेवामा आबद्ध रहँदै गर्दा यी कुरालाई कार्यान्वयन गर्नुहोला ।'

उनले सधैँ अग्रभागमा उभिएर देशमा निरन्तर शान्ति सुरक्षा कायम गर्ने, अपराध अनुसन्धान गर्ने र कुनै पनि स्वतन्त्रताको राष्ट्रिय रूपमा सही ढंगको रक्षा गर्ने जिम्मेवारी नेपाल प्रहरीको काँधमा बताए । प्रधानमन्त्री शाहले भने, 'यो महत्त्वपूर्ण जिम्मेवारी निभाउँदा कुनै पनि किसिमको अनुचित प्रभावमा नपरी भेदभाव नगरी आफ्नो कर्तव्यमा कटिबद्ध रहनुहोला । एकलभावले आफ्नो भूमिका र संस्थाको गति चल्दै छ भन्ने पाटोलाई बुझेर नागरिक भावनाअनुरूप काम गर्नुपर्छ ।' आफ्नो संगठनमा पूर्णप्रतिबद्ध भई सहयोग र सहकार्यसँगै संलग्न रहन आग्रह गर्दै प्रधानमन्त्री शाहले सूचना प्रविधिको प्रयोगले कामलाई छिटो, छरितो, सहज र पारदर्शी तुल्याउन सकिनेमात्र नभई समयको बचत, समयमै अपराधको अनुसन्धान र समयै घटनालाई नियन्त्रण गर्न सकिने धारणा व्यक्त गरे ।

'अपराधको निष्पक्ष, तथ्यपरक, वैज्ञानिक र प्रविधिमुखी अनुसन्धानका लागि सूचना प्रविधिको सही सदुपयोग गर्नुपर्ने छ । यसमा समग्र प्रहरी संगठनको नेतृत्व र प्रशिक्षणलगायतको पनि महत्त्वपूर्ण भूमिका हुन्छ,' उनले भने, 'सरकारले यस प्रकारको अनुसन्धानका लागि आवश्यक पर्ने स्रोत र साधन उपलब्ध गराउन र यहाँहरूप्रति आफ्नो जिम्मेवारी पूरा गर्न सधैँ प्रतिबद्ध छ ।' प्रधानमन्त्री शाहले सोमबार दीक्षित भएका प्रहरीहरूलाई बधाइ ज्ञापन गर्दै उज्ज्वल भविष्य र सफलताको कामना गरे । उनले प्रहरी सेवामा आबद्ध निरन्तर प्रेरित गर्ने परिवारजनप्रति पनि विशेष आभार व्यक्त गरे । समारोहमा ७९ जना प्रहरी निरीक्षक दीक्षित भएका थिए ।

## पदीय अधिकार दुरूपयोग नगर्न निर्देशन

सोही समारोहमा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले जनताप्रतिको कर्तव्य पूरा गर्ने जिम्मेवारी पाएका राष्ट्रसेवक प्रहरीले पदीय दुरूपयोग गर्न नहुने बताए । उनले व्यक्तिगत स्वार्थ, अनुचित प्रभाव र पदीय अधिकार दुरूपयोग गर्दा प्रहरी संगठन नै बदनाम हुने हुँदा त्यसतर्फ हेक्का राख्न आग्रह गरे ।

उनले प्रहरीको नेतृत्व आदेशमा नभई उदाहरणमा देखिनुपर्ने बताए । दीक्षित हुने प्रहरी निरीक्षकलाई बधाइ तथा शुभकामना दिँदै उनले लिएको शपथलाई व्यवहारमा जनताप्रति नरमभाव राखी काम गर्न निर्देशन दिए । 'सेवाग्राहीप्रतिको व्यवहारदेखि, अनुसन्धानको गुणस्तर, कर्मचारीको मनोबलदेखि अनुशासन, समुदायसँगको सम्बन्धदेखि कठिन परिस्थितिमा लिइने निर्णयसम्म नेतृत्वको वास्तविक मूल्यांकन गर्ने छन्,' उनले भने ।

प्रहरीको पोसाकले परिचय दिएजस्तै आचरणले नेपाल प्रहरीको परिचय बनाउने उनको भनाइ थियो । 'प्रहरीको यो पदले अधिकार दिन्छ, चरित्रले उक्त अधिकारलाई वैधता दिन्छ । त्यसैले, पदीय मर्यादा, व्यावसायिक निष्ठा, इमानदारिता र अनुशासनमा कुनै सम्झौता गर्नुहुने छैन,' उनले भने ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी स्वेच्छिक दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६२/०८/२२ मा दर्ता भएको यस **ग्लोबल भिलेज प्राइभेट लिमिटेड** (प्रा.लि.नं.३७१९९) कम्पनी यस कार्यालयको मिति २०८३/०६/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **स्वेच्छिक दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी सम्बन्धी ३० (तीस) दिने सूचना**

यस कार्यालयमा मिति २०५२।१०।१५ मा दर्ता भएको प्रा.लि.नं. १०३१९३ को **राइस एण्ड बाउल रेष्टुरा प्रा.लि.** नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०८/०८ मा दर्ता कायम भएको **होप इन्टरनेशनल इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. (प्रा.लि.नं.६७९३८/०६६/०६७)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/२५ गतेको बिशेष बैठकले निर्णय गरेको ले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ४०४, फोन नं. ९८५१२१७००४**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मिति २०७३/१२/२२ मा दर्ता भएको **गोल्डेन ओक कन्स्ट्रक्सन प्रा.लि.(प्रा.लि.नं.१६६५९९/०७३/०७४)** लाई खारेजी लिक्वीडेशनमा लैजान कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/२६ गतेको वार्षिक साधारणसभाको निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाणसहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री नीलकण्ठ पोखरेल (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ५१२, फोन नं. ९८५१००६०६४**

**मितेरी वचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**जगती -७,भक्तपुर, फोन:०१-६६२००३०**

**कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ (पैतिस) दिने सूचना**

**प्रकाशित मिति २०८३/०६/२७ गते**

यस संस्थाबाट तपसिल बमोजिमको ऋणीहरूले कर्जा सम्झौता शर्त बमोजिम लिएको कर्जा रकमको साँवा व्याज समेत तिर्न बुझाउन संस्थाबाट पटक-पटक ताकेता गरी मौखिक एवम् लिखित पत्राचार गर्दा समेत पत्रको बेवास्ता गरी म्याद (भाका) गुजारी संस्थालाई तिर्न बुझाउनु पर्ने कर्जा रकमको साँवा, व्याज समेत नतिरी आफूले तिर्न बुझाउनु पर्ने साँवा, व्याज, हर्जना चुक्ता गर्न आउने बारेको यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्रमा यस कार्यालयमा कर्जाको साँवा, व्याज, एवम् हर्जना समेत भुक्तानी गर्नु गराउनु होला साथै ऋणीले कर्जा लिंदा कर्जाको सुरक्षण स्वरूप व्यक्तिगत जमानत दिने व्यक्तिलाई समेत उल्लेखित व्यहोरा अवगत गराउँदै म्यादभित्र कर्जा चुक्ता गर्न गराउन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा सहकारी ऐन, नियम संस्थाको कर्जा असुली सम्बन्धि नीति तथा प्रचलित कानून बमोजिम कर्जा असुलउपर गरिने तथा ऋणी एवम् जमानीको तीन पुस्तासहित कर्जा सूचना केन्द्रमा कालो सूचीमा राख्न अनुरोध गर्ने समेत व्यहोराको यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपसिल**

| क्र.स | ऋणको नाम | बुबाको नाम | बाजेको नाम | जमानीको नाम | ठेगाना | नगरिकता नं. |
|---|---|---|---|---|---|---|
| १. | बिभुती जोशी | बिष्णु लाल जोशी | गणेश लाल जोशी | लोक बहादुर अर्याल | बचामारी ९ | ९१६६ |
| २. | सुजित शिल्पकार | धन शिल्पकार | गणेश बहादुर शिल्पकार | दया लक्ष्मी शिल्पकार | जेला ८ | १८९९१ |
| ३. | जिवन शारदा मधिकर्मी | शारदा भक्त मधिकर्मी | आदिदास मधिकमीं | | सुन्दरबस्ती | ९६।०४१ |
| ४. | किशोर कोजु | बाबु राजा कोजु | कृष्ण कोजु | अनुशा ग्वाछा | जेला | २९/०१/०६८/०२६९२ |
| ५. | नारायण सुन्दर कोजु | तुल्सी नारायण कोजु | गणेश बहादुर कोजु | कृष्ण लक्ष्मी मारिखु | लिवाली ८ | १४०७५ |
| ६. | अर्जुन श्रेष्ठ | श्याम बहादुर श्रेष्ठ | शेर बहादुर श्रेष्ठ | कृष्ण गोपाल प्रजापति | कालाचा ७ | ७२/०४५/४६ |
| ७. | राजेश्वरी सुवाल(सिजख्व) | राजेन्द्र सिजख्व (पति) | तुल्सी भगत (ससुरा) | राजेन्द्र सिजख्व | याछे छ | २९१००१/१२५५ |
| ८. | सन्तोष राना | सुमन रानामगर | राम बहादुर रानामगर | सुमन रानामगर | झौखेल ७ | २९/०१/०६६/०२७५१ |
| ९. | सुन्दर मारिखु | आशलाल मारिखु | देब नारायण मारिखु | तिर्थ लक्ष्मी मारिखु | काठमाडौं १० | २१६९ |
| १०. | चन्दमाया रानामगर | सुमन रानामगर | राम बहादुर राना | सुमन रानामगर | झौखेल ७ | १९४१५ |
| ११. | राजेन्द्र बासुकला | कृष्णभक्त बासुकला | बिकुलाल बासुकला | बिशाल बासुकला | देकोचा ५ | ४०२ |
| १२. | अनुप नापित | माइला नापित | नरसि नापित | मनोज ठाकुर | सुर्यबिनायक ६ | ५४१५० |
| १३. | अमृता फैजु | प्रविन (पति) | प्रल्लादभक्त (ससुरा) | प्रबिन फौजु | बाचामरी ९ | ०१/०६६/०५५२३ |
| १४ | कृष्ण राम खोजु | आशकाजी खोजु | आश लाल खोजु | कल्पना खोजु | गछे ९ | २१६२२ |
| १५. | दिपेश भण्डारी | सरोज भण्डारी | पदम बहादुर भण्डारी | सुरेश क्षेत्री | जितपुर | २९/०१/०७४/००९४६ |
| १६. | नारायण सुन्दर छेगुतला | रत्न बहादुर छेगुतला | गणेश ब छेगुलता | बुद्ध लक्ष्मी माकजु | कोलाछे | १९८३० |
| १७. | आकाश तामाङ | तिर्थ मान तामाङ | बुद्धिमान तामाङ | मेनुका तामाङ | इथुली ९ | |
| १८. | तिर्थ त्यात | हरि त्यात | भुतिलाल त्यात | इन्द्र माया त्यात | ललाछे ६ | ३/८१४ |
| १९. | अम्बर बहादुर तामाङ | सानो कान्छा | बिवि सिं | | कमलबिनायक १० | ३५५४८/११०१२० |
| २० | राजन प्रसाद लवजु | राम कृष्ण लवजु | शेर बहादुर लवजु | रमेश प्रसाद लवजु | दत्तात्रय ९ | ६०७८ |
| २१ | सुमन रानामगर | राम ब. रानामगर | चन्द्र मर्न्दन | चन्द्र माया रानामगर | झौखेल ७ | ५९७ |

**साउदीमा रोजगार** कम्पनी : **WINCLEX COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/२६ | LT. No. 344319 | चलानी नं. ६०२५७५८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Cleaning Worker | 3 | 0 | 1800 | ७४,०६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक ८ गते (25th Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

**खयर काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०६/२७**

संखवेल सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट उत्पादन भई अरुण गा.पा. वडा नं. ७, सिक्रेटार (डाँडाटोल) भोजपुरमा घाटगद्दि गरि राखिएको खयर जातको पलाँस सहितको ९६५.६१ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एकाइस) दिन**भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, पौवादुङमा गा.पा. -६, भोजपुको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री संखवेल सामुदायिक वन उपभोक्ता समूह**
**पौवादुङमा गा.पा. -६, भोजपुर**
**सम्पर्क नं. ९८१९३५६८०० (अध्यक्ष), ९७६१३५४४६५ (कोषाध्यक्ष)**

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८३ साल असोज महिना २७ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय मनहरीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एककाइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) कर्जा शिर्षक : व्यवसायीक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **नेशनल टेक्नोलोजी फर आल्मुनियम यु.पि.भि.सि एण्ड स्टिल उद्योग** संचालकको नाम : केशव सापकोटा
दर्ता नं. : २८४२/१७८२/०७८/०७९ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय
दर्ता मिति : २०७८/०५/२९ ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११
स्थायी लेखा नं. : ६१६७१५००८

**संचालकको विवरण**

मेघनाथ सापकोटाको नाति कृष्ण प्रसाद सापकोटाको छोरा मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ११ हाल, हेटौडा उ.म.न.पा वडा नं. ११ बस्ने **केशव सापकोटा** (ना.प्र.नं. : २६/३५८ जारी मिति र जिल्ला : २०५६/०३/२८, मकवानपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मेघनाथ सापकोटाको नाति कृष्ण प्रसाद सापकोटाको छोरा मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ११ हाल, हेटौडा उ.म.न.पा वडा नं. ११ बस्ने **केशव सापकोटा** (ना.प्र.नं. : २६/३५८ जारी मिति र जिल्ला : २०५६/०३/२८, मकवानपुर)

२) पदमलाल सापकोटाको नाति मेघनाथ सापकोटाको छोरा मकवानपुर जिल्ला हेटौडा वडा नं. ११ हाल, हेटौडा उ.म.न.पा. वडा नं. ११ बस्ने **कृष्ण प्रसाद सापकोटा** (ना.प्र.नं. : ४२३ जारी मिति र जिल्ला : २०३५/०५/२६, मकवानपुर)

३) इन्द्रमुनि चौलागाइको छोरी कृष्ण प्रसाद सापकोटाको बुहारी केशव सापकोटाको पत्नी मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११ बस्ने **लक्ष्मी चौलागाई** (ना.प्र.नं. : ३१३०२२/५९३ जारी मिति र जिल्ला : २०६३/११/२९, मकवानपुर)

४) घनश्याम दंगालको छोरी मेघनाथ सापकोटाको बुहारी कृष्ण प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११ बस्ने **मिना सापकोटा** (ना.प्र.नं. : ५१९० जारी मिति र जिल्ला : २०४०/०९/११, मकवानपुर)

**२) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

इन्द्रमुनि चौलागाइको छोरी कृष्ण प्रसाद सापकोटाको बुहारी केशव सापकोटाको पत्नी मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११ बस्ने **लक्ष्मी चौलागाई** (ना.प्र.नं. : ३१३०२२/५९३ जारी मिति र जिल्ला : २०६३/११/२९, मकवानपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) घनश्याम दंगालको छोरी मेघनाथ सापकोटाको बुहारी कृष्ण प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११ बस्ने **मिना सापकोटा** (ना.प्र.नं. : ५१९० जारी मिति र जिल्ला : २०४०/०९/११, मकवानपुर)

२) पदमलाल सापकोटाको नाति मेघनाथ सापकोटाको छोरा मकवानपुर जिल्ला हेटौडा वडा नं. ११ हाल, हेटौडा उ.म.न.पा. वडा नं. ११ बस्ने **हरि प्रसाद सापकोटा** (ना.प्र.नं. : ६८४ जारी मिति र जिल्ला : २०४१/०३/११, मकवानपर)

३) मान बहादुर थिङको नाति लोक बहादुर थिङको छोरा मकवानपुर जिल्ला मनहरी गा.पा वडा नं. ६ बस्ने **सोम बहादुर थिङ** (ना.प्र.नं. : २७/१३४३ जारी मिति र जिल्ला : २०५८/०६/१४, मकवानपुर)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
मिति २०८३ साल ०४ महिना २० गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| कृष्ण प्रसाद सापकोटा | मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ११ | ११ | ४३३९ | ३३८.६३ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल कार्तिक महिना १६ गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय मनहरी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल कार्तिक महिना १७ गते मंगलबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय मनहरीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Lazimpat, Kathmandu
**Tel.:** 01-5970887
**Toll Free No.:** 16600149999 (NTC), 18102149999 (Ncell)
**E-mail:** info@muktinathbank.com.np
**Web:** www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## चाडपर्वको यात्राः सतर्कता नै सुरक्षा

हिन्दूहरूको महान् पर्व दसैं नजिकिँदै गर्दा आफ्ना परिवारजनसँग खुसी साटासाट गर्न संघीय राजधानी काठमाडौंबाट घर फर्किने नागरिकहरूको लस्कर सुरु भइसकेको छ। अध्ययन, रोजगारी तथा विभिन्न पेसा–व्यवसायका सिलसिलामा घरबाट टाढा रहेका लाखौं मानिसहरू एकैपटक गन्तव्यतर्फ लाग्दा उपत्यकाका मुख्य सडक तथा नाकाहरूमा यात्रु र सवारीसाधनको चाप अत्यधिक बढ्छ।

चाडपर्वको यो समय जति उल्लासपूर्ण हुन्छ, सडक सुरक्षा र यातायात व्यवस्थापनका दृष्टिले त्यति नै संवेदनशील र चुनौतीपूर्ण पनि मानिन्छ। यसै गम्भीर परिस्थितिलाई ध्यानमा राख्दै काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले नागढुंगा, कोटेश्वर, नयाँ बसपार्कलगायतका प्रमुख नाका तथा बढी आवागमन हुने क्षेत्रमा विशेष सचेतना अभियान, यान्त्रिक परीक्षण र कडा निगरानी अघि बढाउनु अत्यन्तै समय सान्दर्भिक र सराहनीय कदम हो।

विगतका वर्षहरूमा चाडपर्वका समयमा हुने भीषण सडक दुर्घटनाहरूले धेरै परिवारको खुसीलाई शोकमा बदलेका तीता यथार्थहरू हाम्रासामु छर्लंगै छन् । चाडपर्वको मौका छोपेर बढी भाडा असुल्ने, सवारीसाधनको क्षमताभन्दा धेरै यात्रु कोच्ने, तीव्र गतिमा सवारी हाँक्ने र ओभरटेक गर्नेजस्ता लापरवाहीले दुर्घटनाको जोखिमलाई ह्वात्तै बढाउँछन् । यस्तो अवस्थामा ट्राफिक प्रहरीले सडकमा माइकिङमार्फत जनचेतना फैलाउनुका साथै मादकपदार्थ सेवन (मापसे) जाँचमा कडाइ गर्नु र सवारीसाधनको मेकानिकल अवस्थाको अनिवार्य परीक्षण गर्नुले दुर्घटना न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। ट्राफिक प्रहरीको यो सक्रियताले चालकहरूलाई थप जिम्मेवार र सजग बनाउनुका साथै सर्वसाधारणमा सुरक्षाको अनुभूति गराएको छ।

तथापि, सडक सुरक्षा र दुर्घटना न्यूनीकरणको सम्पूर्ण भार ट्राफिक प्रहरीको काँधमा मात्र थुपारेर अन्य पक्ष पन्छिन मिल्दैन। सुरक्षित यात्रा सुनिश्चित गर्नका लागि चालक, यात्रु, यातायात व्यवसायी र नियामक निकाय सबैको सामूहिक उत्तरदायित्व र सहकार्य अपरिहार्य हुन्छ । सवारी चालकहरूले थकान महसुस हुँदा अनिवार्य विश्राम लिने, निर्धारित गति सीमा र ट्राफिक नियमको पूर्ण पालना गर्ने तथा सडक अनुशासन कायम राख्ने दायित्व भुल्नु हुँदैन ।

अर्कोतर्फ, यात्रुहरूले पनि हतारको भरमा जोखिम मोलेर छतमा वा क्षमताभन्दा बढी भरिएका सवारीसाधनमा यात्रा गर्नु हुँदैन । साथै, यात्राका क्रममा चालकलाई अनावश्यक दबाब नदिने र नियम उल्लंघन भएको देखिएमा सम्बन्धित निकायमा खबर गर्नेजस्ता सचेत नागरिकको भूमिका निर्वाह गर्नु पर्दछ।

चाडपर्व खुसी, भ्रातृत्व र उल्लासको प्रतीक हो । कुनै पनि परिवारका लागि पर्वको यात्रा जीवनकै अन्तिम वा दुःखद यात्रा नबनोस् भन्नेमा सबै पक्ष उत्तिकै संवेदनशील हुनुपर्छ । ट्राफिक प्रहरीले सुरु गरेको यो विशेष सचेतना अभियानलाई केवल औपचारिकतामा सीमित नराखी चाडपर्वभर निरन्तरता दिनु आवश्यक छ। 'सुरक्षित यात्रा, जिम्मेवार चालक र दुर्घटनामुक्त सडक' भन्ने नारालाई व्यवहारमा उतार्न सकेमात्रै सबै नागरिकले सुरक्षितरूपमा आफ्नो गन्तव्यसम्म पुगेर चाडपर्व उल्लासमय वातावरणमा मनाउन सक्ने छन् ।

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ। रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ। तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ। उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ। उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

# दसैं: बनौं मितव्ययी, बढाऔं आत्मीयता



■ डा. देवीप्रसाद आचार्य

> राम्रो लगाउने, मीठो खाने रहर सबैलाई हुनु स्वाभाविक हो । तथापि, दसैंलाई आफ्नो गच्छेअनुसार मनाउनुपर्छ । अरूको देखासिखी गर्ने संस्कृति मौलाएको पाइन्छ । ऋण खोजेर भए पनि खसी किन्नुपर्ने, राम्रो लगाउनुपर्ने, मीठो मसिनो खानुपर्ने सामाजिक मनोविज्ञानले जरा गाडेको छ । यसर्थ दसैंलाई मितव्ययी बनाउनुपर्ने आजको आवश्यकता हो ।

विजया दशमी (बडादसैं) आश्विन शुक्ल प्रतिपदादेखि कोजाग्रत पूर्णिमासम्म मान्ने नेपाली समाजको सबैभन्दा ठूलो पर्व हो । यो पर्व परम्पराकालदेखि सामाजिक, धार्मिक तथा सांस्कृतिक चाडको रूपमा मनाउँदै आएको पाइन्छ । 'दसैं आयो, खाउँला पिउँला' भन्ने जनजिब्रोमा झुण्डिएको लोकोक्तिले यो पर्वलाइ मिठो, मसिनो खाने, राम्रो लगाउने पर्वका रूपमा पनि लिने गरिन्छ । दसैंमा टाढा-टाढा गएर बसेका परिवारजन, आफन्त, इष्टमित्र तथा मान्यजनहरूसँग टीका लगाई आशीर्वाद ग्रहण गर्नका लागि घर फर्किएर आउने र रमाइलोसँग दसैं मान्ने चलन छ ।

बडादसैंको पौराणिक कथनहरू छन् । देवताहरूको समयमा शुम्भ, निशुम्भ, रक्तवीज र महिषासुरजस्ता असुरहरूले देव मानवलाई दुःख दिएपछि उनीहरूले शक्तिरूपी दुर्गा भवानीको पूजा आरधाना गरे । उनीहरूको पूजा आराधनाबाट प्रसन्न भई दुर्गा भवानी प्रकट भएर ती असुरहरूको बध गरी देवताहरूलाई असत्य र अत्याचारबाट संरक्षण गरेकोले दुर्गा भवानीको पूजाआराधना गरी खुसियाली मनाउने संस्कृतिको विकाससँगै बडादसैं मनाउने चलन आएको भन्ने किंवदन्ती रहेको पाइन्छ ।

यसैगरी भगवान् रामचन्द्रले रावणमाथि विजय गरेको पौराणिक कथासँग पनि दशमी जोडिएको छ। भगवान् रामचन्द्रले रावणको अत्याचारलाई पराजय गर्नका लागि शक्तिरूपी दुर्गामाताको पूजा आराधना गरेकोले दुर्गा भवानीको कृपाले दशमी तिथिमा रावणमाथि विजय प्राप्त गरेकोले धुमधामसँग खुसियाली मनाएको घटनासँग पनि बडादसैंको कथन जोडिएको छ । यसरी हेर्दा बडादसैं असत्य, अत्याचार र कुकर्मकाविरुद्धमा सत्यको जितसँग जोडिएको महत्त्वपूर्ण पर्व हो ।

बडादसैंको धार्मिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक पाटाहरूले आ-आफ्नै अर्थ राख्दछन् । यस पर्वमा दुर्गा भवानीको विशेषरूपमा पूजाआजा, प्रार्थना, आरधाना तथा उपसना गरिन्छ । आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म प्रत्येक दिन दुर्गा भवानीका नौवटा रूप शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कस्माण्डा, स्कन्दमाता, कत्यायनी, कालरात्री, महागौरी र सिद्धिदातृको पूजा आराधना गरिन्छ। र, दशमीका दिन मान्यजनबाट टीकाजमरा ग्रहण गरी आशीर्वाद माग्ने चलन छ ।

दसैं पर्वलाई अन्यायमाथि न्यायको, दानवतामाथि देवताको, अमानवतामाथि मानवताको, अधर्ममाथि धर्मको, विभाजनमाथि एकताको, सत्रुमाथि मित्रताको, निराशमाथि आशाको र बिछोडपछि मिलनको पर्वको रूपमा मानिँदै आएको छ । बडादसैंका यति सुन्दर पक्षहरू हुँदाहुँदै पनि यो चाड अत्यन्तै भड्किलो, खर्चिलो तथा महँगो बन्दै गएको अवस्था छ। विशेष गरेर दसैंको बेलामा हरेक सामानहरूमा महँगी बढाउने गरेका समाचारहरू आउने गरेका छन् । दसैंको अवसरलाई आयआर्जनको माध्यम बनाउने देशका व्यापारी, साहु, महाजनहरूले कालोबजारी, तस्करी गर्ने गरेको जनगुनासो आउने गरेको छ ।

'आयो दसैं ढोल बजाइ, गयो दसैं ऋण बोकाइ' भन्ने लोकोक्तिले दसैं खर्चिलो भएको कुरा पुष्टि गर्दछ । राम्रो लगाउने, मीठो खाने रहर सबैलाई हुनु स्वाभाविक हो । तथापि, दसैंलाई आफ्नो गच्छेअनुसार मनाउनुपर्छ । अरूको देखासिखी गर्ने संस्कृति मौलाएको पाइन्छ । ऋण खोजेर भए पनि खसी किन्नुपर्ने, राम्रो लगाउनुपर्ने, मीठो मसिनो खानुपर्ने सामाजिक मनोविज्ञानले जरा गाडेको छ । यसर्थ दसैं खर्चिलो बन्दै गएको अवस्था छ । दसैंलाई पारिवारिक, मिलन, सामाजिक सद्भाव र दुर्गा भवानीको पूजा आराधना गरी मनाउने सरल पर्वको रूपमा मान्नुपर्छ । मितव्ययी बनाउनुपर्छ ।

मुलुक गरिबी, अभाव, पछौटेपन, बेरोजगारी, महँगीजस्ता समस्याहरूबाट गुज्रिरहेको अवस्था छ । आर्थिक अभावकै कारण लाखौंको संख्यामा युवापुस्ता अन्तर्राष्ट्रिय श्रमबजारमा काम गर्न बाध्य भएको अवस्था छ । मुलुकमा सामान्य जीवन बिताउन आवश्यक पर्ने खाद्यान्न, कपडा, औषधिमुलो अत्यन्त महँगो छ । शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकताका क्षेत्रहरू महँगा छन्। यस्तो सामाजिक तथा आर्थिक अवस्थाबाट गुज्रिरहेको हाम्रोजस्तो समाजमा दसैं-तिहारजस्ता चाडहरूमा अनावश्यक खर्च गर्ने बानीको अन्त्य गर्नुपर्छ। धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्त्व बोकेका पर्वहरूलाई खर्चिलो, भड्किलो तथा देखासिखीको आधारमा मनाउनु हुँदैन। दसैं आफूसक्दो खर्चगरी सामान्य तरिकाले मनाऔं । पर्वहरूलाई तडकभडकको पर्व नबनाऔं । घाँटी हेरेर हाड निल्नु भनेझैं आफ्नो औकातले भ्याउनेगरी मनाऔं । मितव्ययी बनौं ।

दसैं पर्वको अर्को महत्त्वपूर्ण धार्मिक पक्ष पशुबलि प्रथा हो। देशका हिन्दू शक्तिपीठहरूमा हजारौंको संख्यामा पशुपन्छीहरूलाई बलि दिने प्रथा परम्परादेखि चल्दै आएको पाइन्छ। त्यसो त अहिले पशुबलि दिने चलनका बारेमा आलोचनात्मक टीकाटिपपणीहरू हुने गरेका छन्। पशुबलिको अन्त्य गर्नुपर्ने कुरा पशु अधिकारकर्मीलगायत शाकाहारी अभियन्ताहरूको रहेको पाइन्छ । दसैंलाई मासुको पर्व पनि भन्ने गरिन्छ। प्रायःजसो घरमा खसी बध गरी मासु खाने चलन दिन प्रतिदिन बढ्दै गएको पाइन्छ। पशुबलिको आवश्यकता वा रहर यो विषय धार्मिक तथा सामाजिक बहस बनेको छ । वास्तवमा पशुबलि भन्दा पनि समाजमा रहेको भड्किलोपन, आडम्बर, लोभ, लालच, इर्ष्या, भ्रष्टाचार, अहम्ता, दुर्भावना, हत्या, हिंसा, बलात्कारजस्ता आपराधिक चिन्तनहरूको बलि दिनु आजको आवश्यकता हो।

हाम्रो देश बहुभाषाभाषी, धर्म, संस्कार, संस्कृति तथा चाडबाडहरूको धनी मुलुक हो। समाजमा रहेका हरेक जातजाति, धर्म तथा सम्प्रदायका आ-आफ्नै पर्वहरू छन् । परन्तु बडादसैं हरेक सम्प्रदायका मानिसहरूले मनाउने पर्व हो। त्यसो त दसैंलाई मनाउने आ-आफ्नै तरिका छन् । तथापि, बडादसैंले राष्ट्रव्यापीरूपमा खुसियालीको वातावरण सिर्जना गरेको पाइन्छ। समाज परिवर्तनशील हुने भएकोले समाजमा स्थापित मूल्य र मान्यताहरूमा पनि परिवर्तन आउँछ। यही परिवर्तनको छालले दसैं मनाउने प्रकृति र प्रवृत्तिमा पनि काफी बदलाब आएको छ। दसैं भड्किलो, महँगो, असुरक्षित, पेयपदार्थमय हुँदै गएको छ । यस सन्दर्भमा दसैंको सांस्कृतिक तथा धार्मिक मूल्य र मान्यताहरूभन्दा बाहिरबाट आधुनिकताका नाममा आउने चलनहरू विकृति हुन्।

देश अहिले दसैंमय भएको छ । टाढा-टाढाबाट आफ्ना आफन्तजनहरू दसैं मनाउनका लागि घरघरमा फर्कनेक्रम जारी छ। दसैंमा सबै परिवार सँगै बस्ने, मीठो, मसिनो खाने, खुसियालीकासाथ मान्यजनबाट टीका जमरा लगाई आशीर्वाद लिने चलन छ। यसरी हेर्दा दसैं एउटा पारिवारिक मिलन, सामाजिक सद्भाव र साथीभाइको पुनर्मिलनको पर्वको रूपमा पनि लिइन्छ।

दसैं पर्वले परिवारजन, साथीभाइ, इष्टमित्र, आफन्तजनलाई भेटघाट गराउने अवसर प्रदान गरेको छ । आजभोलि दसैंमा खुसियाली मनाउने नाममा मादकपदार्थको सेवन गर्ने, अनावश्यक खर्च गर्ने र आवेशमा मारपिट गर्नेजस्ता घटनाहरू पनि घट्ने गर्छन्। मेला पर्वको नाममा अत्यधिक मादकपदार्थको सेवन गर्ने, जुवातास खेल्ने तथा झैझगडा गर्नेजस्ता विकृतिहरू बढ्दै गएको पाइन्छ । पर्व मनाउने आधुनिक तरिकाको नाममा आएका यस्ता विकृतिहरू बढ्नु सांस्कृतिक विचलन हो।

अन्त्यमा दसैं असत्य र कुकृत्यमाथि सत्य र सत्कर्मको विजयका रूपमा मनाउने पर्व हो । यसर्थ विजया दशमीलाई असत्यको बाटो त्यागी सत्यको मार्गमा लाग्ने प्रेरणाको रूपमा लिन सक्नुपर्छ । देवताको युगमा देवताहरूले र त्रेता युगमा भगवान् रामचन्द्रले शक्तिरूपी दुर्गा भवानीको पूजा, आराधना तथा उपासना गरी उनको कृपाले असत्यमाथि सत्यको विजय प्राप्त गरेजस्तै नवदुर्गा भवानीको पूजा आराधना गरी व्यक्ति, व्यक्तित्व तथा समाजमा रहेका विकृति तथा दुष्कर्महरूको अन्त्य गर्न आशीर्वाद लिनुपर्छ।

हामी सबैलाई दुर्गा भवानीले सत्मार्गमा हिँड्नसक्ने क्षमता र सद्बुद्धि प्रदान गरुन् । नेपाली समाज विभिन्न जात, जाति धर्म, वर्ग, क्षेत्र तथा राजनीतिक दलहरूमा विभाजित भएको अवस्था छ । दुर्गा भवानीले अनेकतामा एकता र विविधता मित्रता बढाउने आशीर्वाद प्रदान गरुन् । हरेक नागरिकका लागि मातृभूमि कुनै पनि राजनीतिक दल वा मतदानका चिह्नभन्दा धेरै माथि हुन्छ। देश हामी सबैको पहिचान हो । सान, मान र गौरव हो भन्ने चेतनाको विकास हुन सकोस्। राज्य सत्यको बाटोमा हिँड्ने आशीर्वाद मिलोस्।






# सरकार चुपचाप, जनताको पत्तासाफ

✍ बैकुण्ठ भण्डारी

अबको चारै दिनमा फूलपाती भित्रचाउनु छ। दसैं आँगनमै आइसक्यो। तिहार आउँदै छ। त्यसपछि छठ पनि आउँछ । ओहो ! चाडपर्वको मौसमले देशलाई छोपिसके छ । पहिले-पहिले भए घटस्थापनका दिनबाट नै रोटेपिङको लहर चल्थ्यो। तर अहिले त ग्यासको लाइनको रहर छ। जनताको अनुहारमा खुसीभन्दा चिन्ताको बादल बाक्लिएको छ । बजारमा महँगीको रावणले १० टाउको हल्लाइरहेको छ ।

काँधमा खाली ग्यास सिलिण्डर बोकेर अनुहारमा दसैं मनाउन पाउने हो कि होइन भन्दै मटचाङ्ग्रो बिहानै सिफल चौरको ग्यासको लाइनमा उभिएको छ। लाइन लामो थियो, दुई घेरा नै बनाइएको थियो। किनकि सरकारले जुनसुकै सिलिण्डर लिएर आउनू भनेको छ नि त ! त्यही भएर ग्यास पाइने सम्भावना बढिगो ! सिफल चौरको पेटीमा महानगरले रोपेको कपुरको बोट पनि ठूलै भइसके छ। त्यही कपुरको बोटमा अडेश लगाएर मटचाङ्ग्रो फेसबुकमा त्यही ग्यासको लाइन हेर्दै थियो।

उसको पछाडि छिमेकी कृति पनि रहिछ । पछाडिबाट कृतिले सोधी, 'मटचाङ्ग्रो दाइ, तपाईं पनि ग्यासको लाइनमा ?'

मटचाङ्ग्रो कपुरको बोटमा अडेस लाग्न छाडेर सिलिण्डरमा बस्यो। 'नानी, दसैंमा मासु पकाउनुपर्ला, खीर पकाउनुपर्ला । घरमा पाहुना आउलान् । तर ग्यासै छैन भने टीको थाप्न आउने पाहुनालाई के खुवाउने ? सरकारको भाषण पकाएर खुवाउने कि विकासको प्रतिवेदन उसिनेर खुवाउने ?'

उसको कुरा सुनेर सँगैको मान्छे हाँस्यो ।

'सरकारले अब ग्यास यसैगरी सहज गर्ने रे ?' अलि व्यंग्यात्मक शैलीमा कृतिले भनिन्।

मटचाङ्ग्रोले आँखा ठूलो पाऱ्यो। 'हो त सहजै छ। हरेक दिन ५० वटा सिलिण्डर दिन ५०० वटा लाइनमा हुन्छ । राम्रै हो, सरकारले गरेको छ । यत्तिको सरकार नेपालले अहिलेसम्म पाएकै छैन नि । ग्यास त प्रशस्तै छ,' मोबाइल देखाउँदै, 'यी यही मोबाइलमा भर्खरै सम्चार आको ! तर कहाँ छ, कसको घरमा छ, कसको गोदाममा छ, कुन बाटो हुँदै आउँछ, त्योचाहिँ मलाई थाहा छैन।'

त्यत्तिकैमा बैरी आइपुग्यो । 'ल म चाहिँ अलि ढिला भएछ । मटचाङ्ग्रोको बिहानैदेखि चौरमा तपस्या त होला ?'

मटचाङ्ग्रोले भन्यो, 'तपस्या होइन बैरी, ग्यास प्राप्तिका लागि जनताको योगशिविर हो । यहाँ बिहानैदेखि लाइनमा उभिएपछि शरीर पनि तन्किन्छ, धैर्य पनि तन्किन्छ । ग्यास पाइन्छ कि पाइँदैन, त्योचाहिँ भाग्यमा भर पर्छ।'

बैरीले भन्यो, 'सरकारले त जनताका लागि धेरै काम गरिरहेको छ भन्ने कुरा सामाजिक सञ्जालभरि छ नि !'

'छैन कसले भनेको छ त ? तिम्रा भान्सामा ग्यास पुऱ्यादिएकै छ क्यार । यहाँ त रमिता हेर्न आका त हौला नि ?'

मटचाङ्ग्रोको प्रश्न सुनेर महेश पनि थप्यो, 'दाइ, बजारमा जानुभएको थियो ? चामल, दाल, तेल, चिनी सबैको भाउ बढाको रैछ। पहिलेभन्दा झण्डै ५० प्रतिशत महँगो अरे । जे होस् ठूलो सरकारले ठूलै काम गरेछ।'

बैरी हाँस्यो । 'बुझ्यौ महेश, महँगी पनि अब प्रजातान्त्रिक भएछ ! धनीको घरमा पस्दा अनुमति माग्छ, गरिबको घरमा पस्दा ढोका नै फोड्छ । सरकारको खर्च बढ्न सक्छ, बजारको भाउ बढ्न सक्छ, तर जनताको भाउचाहिँ किन नबढेको होला ?'

मटचाङ्ग्रोले भन्यो, 'बढेको छ नि ! त्यही भएर दिनभर ग्यासको लाइनमा बस्नु परेको देखेनौं ?'

कृतिले थप्दै भनी, 'अस्ति शनिबार मामाले दसैंमा नयाँ लुगा किन्ने बोलाउनुभएको थियो । बजार त गइयो, विचरा ! मामाले बजारमात्र देखाउनुपर्ने अवस्था आयो।'

मटचाङ्ग्रोले भन्यो, 'ठिकै गरेछन्, चुपचाप घण्टी छाप भन्दै मामाले मत फेरेका थिए। अहिले बजार पनि मन फेरिदिए छ। आउनुस्, हेर्नुस्, 'हर्टअटचाक' हुन्छ भने हेररै जानूस् भनेर।'

कृति हाँसी ।

बैरीले व्यंग्य गर्दै भन्यो, 'सरकारले जनतालाई राहत दिन बजार अनुगमन गरिरहेको छ रे !'

मटचाङ्ग्रोले तत्काल जवाफ दियो, 'अनुगमन गर्ने टोली बजारमा जान्छ, व्यापारीले पसलको सामान देखाउँछन्, टोलीले कागज हेर्छ, फोटो खिच्छ र फर्किन्छ । अनुगमनकर्ताको फोटो पनि बढाउने हो, साँझ परेपछि खल्ती पनि।'

महेशले भन्यो, 'त्यत्तिमात्र कहाँ होर भन्या, हिजो म बजारमा खाद्यान्न किन्न गएको दसैंको मौका छोपेर पुराना खाद्यसामग्री बेचिरहेको रहेछ। नक्कली लेबल लगाइएका सामग्री बजारमा देखिन्छन् गाँठे।'

मटचाङ्ग्रो भन्यो, 'यही त हो असली दसैंको व्यापार ! उपभोक्ताको खल्तीबाट पैसा निकाल्ने, घरमा पुरानो सामान पुऱ्याउने अनि नाफाको टीका लगाउने। उपभोक्ताले सामान किन्नुअघि मूल्य सोध्ने कि मिति हेर्ने, मिति हेर्ने कि नक्कली हो कि होइन भनेर अनुसन्धान गर्ने ? चिन्ता छ हो चिन्ता।'

कृतिले सोधी, 'त्यसो भए सरकारले के काम ?'

'सरकारले त फेसबुक, इन्स्टाग्राम, रिलमा भेटिहाल्छ नि ठ्वाक्कै।' मटचाङ्ग्रो बोली हाल्यो।

यत्तिकैमा बैरीले अर्को प्रश्न तेर्स्यायो, 'दसैंमा गाउँ जानेहरूको हालत झन् खराब छ । बाढीपहिरोले सडक बिगारेको छ । कतै पहिरोले बाटो छेकेको छ, कतै खोलाले सडक बगाएको छ। गाउँ जाने कि नजाने भन्ने चिन्ता छ।'

महेशले भन्यो, 'गाउँ गए पनि फर्केर आएपछि ग्यास नपाइने हो कि भन्ने चिन्ता छ। त्यसैले मैले त पहिले ग्यासको जोहो गर्न खोजिरहेको।'

मटचाङ्ग्रोले सिलिण्डर समाउँदै भन्यो, 'देशमा नागरिकले दुईवटा युद्ध लड्नुपर्ने भयो । एउटा गाउँ पुग्न सडकसँग युद्ध, अर्को घर फर्केर चुल्हो बाल्न बजारसँग युद्ध । सरकार भने दुवै युद्धमा जनताको जित भइरहेको छ भनेर घोषणा गर्छ !'

कृतिले भनी, 'दाइ, पोहोर भदौमा जनताले यस्तै दुख, बेथिति र निराशा भएर परिवर्तन खोजेको होइनन् भन्या ? अहिले फेरि उस्तै छ।'

मटचाङ्ग्रो केहीबेर चुप लाग्यो । अनि बिस्तारै भन्यो, 'हो त परिवर्तन भएकै छ। प्रधानमन्त्रीदेखि मन्त्री सांसद जिएम, बिचौलिया सबै फेरिएका छन् । महँगीले हिजो रुखको टुप्पो छुन्थ्यो, अहिले बादल नै छोइसकेको छ । पुरानो शासनको शैली बदलियोस्, भ्रष्टाचार घटोस्, सुशासन आओस्, बजारमा राहत मिलोस् र जनताको आवाज सुनियोस् भनेर आशा पो गर्ने हो त ! त्यही भएर पो आश्वासन भनेको त बुझ्यौं ?'

बैरीले भन्यो, 'त्यसो भए नयाँ र पुरानोमा के फरक रहयो त ?'

मटचाङ्ग्रो हाँस्दै भन्यो, 'धेरै छ त ! पहिले जनताले पुरानो सरकारसँग प्रश्न गर्थे, अहिले नयाँ सरकारसँग गर्छन्। पहिले आश्वासन पुरानो बोतलमा आउँथ्यो, अहिले नयाँ बोतलमा आउँछ। तर बोतल खोलेर हेर्दा भित्रको पानी उही हो कि भन्ने शंका जनतालाई हुन थालेको छ।'

महेशले भन्यो, 'त्यसो भए हात्ती र हात्तीछाप चप्पल उस्तै भनेको यही हो ?'

'त्यही त ! हात्ती ठूलो हुन्छ, चप्पल सानो हुन्छ। नाम र आकार फरक भए पनि जनताको पैतालाले कति राहत पायो भन्ने कुरा महत्त्वपूर्ण हो। सरकार ठूलो छ भन्दैमा जनताको दुःख सानो हुँदैन। नयाँ छ भन्दैमा काम राम्रो नै हुन्छ भन्ने पनि छैन। जनताले परिवर्तनको नाम होइन, परिणाम खोजेका हुन्।'

कृतिले फेरि सोधी, 'त्यसो भए अब जनताले के गर्ने ?'

मटचाङ्ग्रोले लामो सास फेर्दै भन्यो, 'अब पाँच वर्ष मौन बस्ने। खेल खत्तम।'

त्यत्तिकैमा ग्यासको लाइनमा हलचल भयो । मानिसहरू अगाडि सर्न थाले । कसैले फेरि आज पनि नपाइने हल्ला फैलायो।

मटचाङ्ग्रोले सिलिण्डर उठायो । 'ल, म त लाइनमै बस्छु । दसैं आइसक्यो घरमा चुल्हो बाल्नैपऱ्यो । सरकारको भाषण सुनेर पेट भरिँदैन, विकासको पोस्टर हेरेर भात पाक्दैन । बत्ती बेलाबेलामा झ्यापझ्याप हुन्छ।'

महेशले सोध्यो, 'त्यसो भए अब सरकारलाई के उपहार दिने त ?'

मटचाङ्ग्रोले एकछिन सोच्यो । 'सरकारलाई जनताको खाली सिलिण्डर उपहार दिउँ। बजारबाट किनेर ल्याएको महँगो चामलको बिल, म्याद गुज्रिएको खाद्यसामग्रीको नमूना, अनि गाउँ जाने सडकको फोटो दिउँ। त्यसपछि एउटा चिठी लेखौं, 'सरकारज्यू, तपाईंले देश चलाउनुभएको छ, तर जनताको चुल्हो चलिरहेको छ कि छैन, एकपटक हेर्नुहोस्।'

कृति, बैरी र महेश तीनै जना चुप लागे।

मटचाङ्ग्रो फेरि बोल्यो, 'जनता सरकारसँग महल मागिरहेका छैनन् । सबैले गाडी मागेका छैनन् । सबैले विदेश घुम्ने सुविधा खोजेका छैनन्। जनताले दुई छाक खान पाऊन्, चाडपर्वमा परिवारसँग बस्न पाऊन्, बिरामी हुँदा औषधि किन्न सकून्, गाउँ जाँदा सुरक्षित सडक पाऊन् र बजारमा पैसा तिरेर गुणस्तरीय सामान पाऊन् भन्ने हो।'

जुन देशमा दसैं आउँदा जनताले खुसीभन्दा पहिले महँगी सम्झन्छन्, चुल्हो बाल्नुअघि ग्यासको लाइन सम्झन्छन् र घर जानुअघि सडकको डर मान्छन्, त्यहाँ सरकारले आफ्नो असफलतालाई असफलताका रूपमा सामाजिक सञ्जालमा भटचाउन लगाएर मात्र हुँदैन। भोको पेट जुर्मुरायो भने !

ग्यासको लाइन अझै लम्बिँदै थियो। घाम पनि चर्कंदै गइरहेको थियो । एकैछिनमा ह्वार्र पानी पऱ्यो । नागरिकहरू पानीमा रुझ्दै दसैंका लागि ग्यासको जोहो गर्दै थिए। तर सरकार चुपचाप।



**मालश्री गाइँदै** | दाङको घोराही उपमहानगरपालिका–१८ स्थित अम्बिकेश्वरी मन्दिरमा बडादसैंका अवसरमा सोमबार बिहान साइग्रेस म्युजिक सेन्टरका प्रशिक्षार्थी तथा प्रशिक्षक मालश्री गाउँदै । गायन घटस्थापनादेखि नवमीसम्म हरेक वर्ष हुँदै आएको छ । *तस्बिरः रासस*

# पाँचपोखरी थाङ्पालमा तामाङ भाषा शिक्षासम्बन्धी प्रादेशिक सम्मेलन

■ प्रभाव संवाददाता

**सिन्धुपाल्चोक–** पाँचपोखरी थाङ्पाल गाउँपालिकामा तामाङ भाषा शिक्षासम्बन्धी तीन दिने प्रादेशिक सम्मेलन सुरु भएको छ । काठमाडौं विश्वविद्यालय र नेपाल तामाङ घेदुङद्वारा संयुक्तरूपमा आयोजित सम्मेलनको सोमबार बागमती प्रदेशका विनाविभागीय मन्त्री ज्ञानबहादुर तामाङले उद्घाटन गरे ।

तामाङ भाषाको संरक्षण गर्न मातृभाषा शिक्षालाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको सम्मेलन बुधबार (असोज २८) सम्म चल्ने छ । सम्मेलनको पहिलो दिन मातृभाषाको शैक्षिक विकास, पुस्तान्तरण, संस्थागत विस्तार र सूचना प्रविधिको प्रयोगबारे छलफल गरिएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री तामाङले काठमाडौं विश्वविद्यालयमा तामाङ भाषा अध्ययन सुरु भएकोमा खुसी व्यक्त गरे । सम्मेलनले भाषाको शैक्षिक विकास, पुस्तान्तरण र संस्थागत विस्तारमा योगदान पुर्‍याउने उनले विश्वास व्यक्त गरे । मातृभाषाको प्रयोग र सम्मान व्यवहारमै स्थापित गर्नुपर्नेमा जोड दिँदै मन्त्री तामाङले संरक्षण तथा प्रवर्द्धनका लागि प्रदेश सरकारबाट आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए ।

पाँचपोखरी थाङ्पाल गाउँपालिकाका अध्यक्ष टासी लामाले गाउँपालिकाभित्र रहेका १७ गुम्बासहित स्थानीय तहले तामाङ भाषा, संस्कृति र परम्परा संरक्षणमा भूमिका खेल्ने बताए । उनले सम्मेलन व्यवस्थापनमा गाउँपालिकाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।



काठमाडौं विश्वविद्यालयका प्रा.डा. टीकाराम पौडेलले विदेशी भाषाको अध्ययनसँगै मातृभाषा ओझेलमा पर्न नदिन आफ्नै भाषाको अध्ययन, अनुसन्धान र प्रवर्द्धन आवश्यक रहेको बताए । विश्वविद्यालयले यही उद्देश्यले तामाङ भाषा अध्ययन सुरु गरेको उनको भनाइ थियो ।

उनका अनुसार पहिलो सत्रका विद्यार्थी उत्तीर्ण भइसकेका छन् । दोस्रो सत्रको अध्ययन प्रभावकारी बनाउनु, अनुभव आदानप्रदान र छलफललाई प्रोत्साहन गर्नु सम्मेलनको उद्देश्य हो । उनले कोशी प्रदेशमा लिम्बू तथा गण्डकी प्रदेशमा मगर र गुरुङ भाषाको अध्ययन-अध्यापन भइरहेको जानकारी दिए ।घेदुङका पूर्वमहासचिव सोम घले तामाङले काठमाडौं विश्वविद्यालयमा तामाङ भाषा अध्ययन सुरु हुनुलाई तामाङ समुदायको लामो भाषिक आन्दोलनको उपलब्धि भएको बताए । मातृभाषालाई शैक्षिक क्षेत्रमा स्थापित गर्न सम्बन्धित निकायबीच निरन्तर सहकार्य आवश्यक रहेको उनले बताए ।

काठमाडौं विश्वविद्यालय इञ्जिनियरिङ स्कुलका डिन बलले तामाङ भाषाको संरक्षण तथा प्रवर्द्धनमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपर्ने बताए । भाषाका शब्दहरू कम्प्युटर प्रणालीमा समावेश गर्ने काम भइरहेको उल्लेख गर्दै उनले प्रविधिबाट अभिलेखीकरण, अध्ययन, अनुसन्धान र विश्वव्यापी पहुँच विस्तार गर्न सकिने धारणा राखे ।

मानवशास्त्री डा. मुक्तसिं लामाले तामाङ भाषाको संरक्षण र पुस्तान्तरणका लागि विश्वविद्यालय तहमा सुरु भएको अध्ययन महत्त्वपूर्ण हुने बताए । घेदुङका सहअध्यक्ष सरोजमोहन मोक्तानले मातृभाषाको संरक्षण, विकास र शैक्षिक विस्तारका लागि सम्मेलन महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा घेदुङका पदाधिकारीहरूका साथै विभिन्न संघसंस्थाका प्रतिनिधि, काठमाडौं विश्वविद्यालयका विभागीय प्रमुख तथा तामाङ भाषा अध्ययनरत विद्यार्थीलगायत सहभागी रहेको आयोजकले जानकारी दिएको छ ।

# चाडपर्व सभ्य र मर्यादितरूपमा मनाउन प्रहरीको आग्रह

**बाजुरा–** जिल्ला प्रहरी कार्यालय बाजुराले बडादसैं, तिहार तथा छठ पर्वलाई शान्तिपूर्ण, सभ्य र मर्यादितरूपमा मनाउन जिल्लावासीलाई आग्रह गरेको छ ।

चाडपर्वका समयमा हुन सक्ने सम्भावित दुर्घटना, झैझगडा, चोरी तथा अन्य आपराधिक गतिविधि न्यूनीकरण गर्ने उद्देश्यले प्रहरीले सर्वसाधारणका लागि विभिन्न सुरक्षा सावधानी अपनाउन अनुरोध गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक नरेशबहादुर शाहीले चाडपर्वलाई सामाजिक सद्भाव, आपसी भाइचारा र खुसीयालीका साथ मनाउन आग्रह गर्दै पटका तथा आतिसबाजीजन्य पदार्थको प्रयोग नगर्न, मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाउन र सार्वजनिक स्थानमा होहल्ला तथा उच्छृंखल गतिविधि नगर्न अपिल गरे ।

उनले यस समयमा चोरीका घटना हुन सक्ने भन्दै घर तथा कोठा छोडेर बाहिर जाँदा ढोका र झ्याल राम्रोसँग बन्द गर्न, सम्भव भएसम्म छिमेकी वा विश्वासिलो व्यक्तिलाई घरको निगरानी गर्न आग्रह गरेका छन् । यस्तै, सामाजिक सञ्जालमा आफ्नो व्यक्तिगत विवरण, घरपरिवार तथा यात्रासम्बन्धी जानकारी सार्वजनिक नगर्न पनि सचेत गराइएको छ ।

चाडपर्वका अवसरमा पूजाआजा गर्दा बालिने बत्ती तथा आगोका अन्य स्रोतबाट आगलागी हुन सक्ने भएकाले आवश्यक सुरक्षा सतर्कता अपनाउन, जुवातास, सट्टेबाजी तथा कौडा-पासा खेल्नेजस्ता गैरकानुनी गतिविधिमा संलग्न नहुन र अरूलाई पनि त्यस्ता गतिविधिमा संलग्न हुन नदिन प्रहरीले आग्रह गरेको छ ।

सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्दा छिमेकीलाई असर नपर्ने गरी सभ्य र मर्यादित व्यवहार गर्न तथा क्षमताभन्दा बढी यात्रु बोकेका सवारीसाधन सञ्चालन गर्ने तथा मादकपदार्थ सेवन गरी सवारी चलाउने व्यक्तिबारे प्रहरीलाई जानकारी गराउन अनुरोध गरिएको छ । *रासस*


## साउदीमा रोजगार

कम्पनी : KAFA COFFEE FAST FOOD COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२६ | LT. No. 343074 | चलानी नं. ६०२५८१२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 4 | 0 | 1200 | ४९,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कार्तिक ३ गते (20th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

इं.प.नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : 9813048931 (Mazid), E-mail : alkausar.hrm@gmail.com


## Gaurishankar Multiple Campus

Bhimeshwor Municipality-3, Charikot, Dolakha

**बोलपत्र स्वीकृतिका लागि आसयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २/८३/०६/२७**

गौरीशङ्कर बहुमुखी क्याम्पसबाट तपशिल बमोजिमको बोलपत्र आहानको सूचनाअनुरूप विद्यतिय खरिद (e-GP) प्रणलीमार्फत पेश भएको शिलवन्दी बोलपत्रहरू मध्ये न्यूनतम मुल्याङकित सारभूतरूपमा प्रभावकारी देहाय अनुसारको बोलपत्र स्वीकृतिका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ यो ७ दिने सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिको छ ।

| सि. नं. | ठेक्का नं | ठेक्काको नाम | बोलपत्र स्वीकृत हुने बोलपत्रदाताको नाम र ठेगाना | बोल अंकुरु (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | JEB/RFP/EOI/PQ\ No.: 01-GSMC/Work/NCB/2083- 84 | Construction of Academic Building | Kashwi Nirman & Suppliers Pvt. Ltd., Bhimeshwor-6, Charikot. Dolakha | Rs. 106,34,681.99 |

Local Government

Indrawati Rural Municipality

## Office of Rural Municipal Executive

Nawalpur, Sindhupalchok

Bagmati Province, Nepal

**Intention to Award**

**Date of publication: 2083-06-27 (13th October 2026)**

1. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper and office website that the following mentioned bidders are Average evaluated substantial responsive bidder is intended to award the contract.

| S.N. | Contract No. | Name of Work | Name and Address of bidders | Bid Price NRS. (including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/GOODS/NCB/083/084-02 | Supplying of Medical and Surgical Items, Sindhupalchok | M/S Bolbam Meditech Pvt. Ltd., Bhaktapur -3, Balkot | 32,84,832.85 |

**Chief Administrative Officer**

Udayapurgadhi Rural Municipality

## Office Of Rural Municipal Executive

Udayapurgadhi, Udayapur

Koshi Pradhesh, Nepal

**Invitations for Bids (Hard Copy Only)**

**Date of publication: 2083-06-27 (13th October 2026)**

1. **Udayapurgadhi Rural Municipality** invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract ID. No | Project Name | Estimate Amount Without VAT including PS (NRs.) | Bid Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period | Minimum Work experience of similar size and Nature | Minimum Average Annual Turnover |
|---|---|---|---|---|---|---|---|---|
| 1 | URM/NCB/Works/01-2083/84 | Construction and upgrading of Deulikuna Bahunitar Jaruwa Runchebhanjyang Sadak (Chainage 2+100 to 3+500km) | Nrs. 1,72,45,643.37 | NRs. 3,000.00 | NRs.4,75,000.00 | 90/120 days | - | - |
| 2 | URM/NCB/Works/02-2083/84 | Construction and Upgrading of Nepaltar-Purnogadhi Sadak Blacktop (From Ch 4+500 to 6+000 km, Ch 8+000 to 9+750 km) | - | NRs.5,000.00 | NRs.10,00,000.00 | 90/120 days | As Stated in Section III Evaluation and Qualification Criteria of Bid Document | Construction Turnover of the best three (3) years within the last 10 (ten) years is NRs 5,32,59,133.59/- |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Udayapurgadhi Rural Municipality, Udayapur, udayapurgadhirm@gmail.com, 9845230827,9840032682,9852835279,9852835811 or*** may visit www.udayapurgadhimun.gov.np
4. Bidders may download the bidding documents from www.udayapurgadhimun.gov.np or purchase from office Bidders shall deposit ***as above mentioned*** **till date 2083-07-16 (2nd November 2026) during office hour** as the cost of bidding document in the following bank.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Sanima Bank** Name of Office: **Gadhi Branch**
   Office Code no. :801011105 Office Account no.: **124010040000001**
5. Pre-bid meeting shall be held at ***Udayapurgadhi Rural Municipality***, Udayapurgadhi, Udayapur at ***2083-07-09 (26th October 2026) at 2:00 PM.***
6. Sealed Bids must be submitted to the office ***Udayapurgadhi Rural Municipality***, Office of Rural Municipal Executive **12.00 *Noon*** on ***2083-07-17 (3rd November 2026).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2083-07-17(3rd November 2026)*** at time **1:00 PM** at the office of ***Udayapurgadhi Rural Municipality***.
   **Information to deposit Bank Guarantee in Bank:**
   Name of the Bank: **Sanima Bank** Name of Office: **Gadhi Branch**
   Office Code no. :801011105 Office Account no.: **124010040000015**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

प्रभाव दैनिक




## 'मिस्टर एण्ड मिस लिटिल कोशी'को धमाधम अडिसन

जय मिडिया म्यानेजमेन्ट प्रालिको आयोजनामा हुन लागेको १० औं संस्करणको 'मिस्टर एण्ड मिस लिटिल कोशी'को यतिबेला धमाधम अडिसन भइरहेको छ । संस्थाका अध्यक्ष जय राज रायका अनुसार प्रतियोगिताका लागि ५ वर्षदेखि १५ वर्ष उमेर समूहका बालबालिकाहरूले अडिसन दिइरहेका छन् । यो अडिसन विराटनगर, इटहरी, धरान, गछिया, विराटचोक, उर्लाबारी, दमक र बिर्तामोडमा भइरहेको हो । अध्यक्ष रायले अडिसनमा 'मिस कोशी'का विजेता, स्थानीय समाजसेवी, मिडियाकर्मी निर्णायक रहेको बताए । अध्यक्ष रायका अनुसार प्रतियोगिताको छनोट चरणको अडिसनबाट छानिएका प्रतियोगीहरूलाई दशैको छुट्टीमा प्रशिक्षणमा राखिनेछ ।




मंगलबार, २७ असोज २०८३ (Tuesday, 13 October 2026)

# दसैं सामान्य रूपमा मनाउन कलाकारको आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं** – यस वर्षको दसैं सचेत र सामान्य रूपमा मनाउन कलाकारले सबैमा आग्रह गरेको छन् । नेपाल चलचित्र कलाकार संघले आइतबार राजधानीमा आयोजना गरेको दसैं शुभकामना आदान प्रदान कार्यक्रममा कलाकारले सबैमा यस्तो आग्रह गरेका हुन् ।

विशिष्ट चलचित्रकर्मी कृष्ण मल्ल, लय संग्रौला, रविन्द्र खड्का, आकाश अधिकारी लगायतले प्राकृतिक विपत्ति र बुढीगण्डकी क्षेत्रमा आएको बाढीबाट जनजीवन प्रभावित भएको सन्दर्भ उल्लेख गर्दै यस वर्षको दसैं अनावश्यक तडकभडक भन्दा पनि नेपाली कला, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धनमा जोड दिनुपर्ने धारणा राखे ।

कार्यक्रममा मनोज आचार्य, घनश्याम खतिवडाले नेपाली कला, संस्कृति र चलचित्रले समाजको जनजीवन प्रतिबिम्बित गर्ने बताए । उनीहरूले नेपाली जनशक्ति र प्रविधिको प्रयोगलाई प्राथमिकता दिँदै स्वदेशी सेवा तथा उत्पादनको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा वरिष्ठ कलाकार भुवन चन्द, चैत्यदेवी सिंह, वसुन्धरा भुसालले 'साथी राइड'को गरे ।

नेपाल चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा चलचित्रकर्मी, कलाकार, प्राविधिक, लेखक, पत्रकार तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रममा राइजिङ स्टार बोर्डिङ स्कुल र एनके डान्स ग्रुपले सामूहिक नृत्य प्रस्तुत गरेका थिए । त्यस्तै, सविता कार्की र सम्वृद्धि भण्डारीले दशैं विशेष नृत्य प्रस्तुत गरेका थिए । गायक आनन्द कार्की, राजन चौलागाई, विनोद ढकाल, सुमित खड्का र कृष्णराज भण्डारी तथा गायिका सारिका घिमिरे र अनु गौतमले सांगीतिक प्रस्तुति दिएका थिए ।

# 'बाटुलो जुन'को पहिलो गीत सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं**– भुवन केसीको निर्देशनमा निर्माण भएको फिल्म 'बाटुलो जुन'को पहिलो गीत 'मेरो मन चोर्यौ सुटुक्कै' घटस्थापनाको साइत पारेर सार्वजनिक गरिएको छ ।

गीतमा युग भुसालको शब्द तथा संगीत, तृषा चटर्जी र हिमांशु जान शर्माको स्वर छ । गीतको भिडियोलाई विक्रम स्वारले कोरियोग्राफी गरेका हुन् ।

भुवन केसीका चलचित्र निर्माणको भव्यताका लागि चिनिन्छिन् । यही भव्यता भित्र पर्छन् उनले छान्ने गीत र तिनको छायांकनमा देखिने उदारता । 'मेरो मन चोर्यौ सुटुक्क'मा पनि उनले त्यही आफ्नो पुरानो छविलाई निरन्तरता दिएका छन् । गीतको अडियो त श्रुतिमधुर छ नै भिडियो पनि उत्तिकै रोचक तरिकाले निर्माण गरिएको छ । आम गीतभन्दा यो गीतको भिडियोले टिजरमा देखिएको कथा र कथाको परिवेशलाई अगाडि बढाउने काम गरेको छ । गीतमा देखिने खोला किनार, घुम, डन्डिबियो र मकैघारी जस्ता छायांकनस्थलले दर्शकलाई पुरानो समयमा फर्काएका छन् ।

गीतमा फिल्मका मुख्य २ कलाकार नायक अनमोल केसी र नव-नायिका प्रिन्सी खतिवडा फिचर्ड छन् । टिजरमा अनमोलको लुक सार्वजनिक भएसँगै धेरैले उनलाई उनकै पिता भुवन केसीको झल्को आएको प्रतिक्रिया दिएका थिए । यो गीतले त्यो धारणालाई अझ बल पुर्याउने अनुमान गर्न सकिन्छ । किनकी गीतमा अनमोलको अदाले भुवन केसीकै पुराना गीत हेरेको महसुस गराउँछन् । यही फिल्मबाट डेब्यु गरेकी प्रिन्सीले पनि यत्तिकै भुवन केसीको छनौटमा परेको हैन है भन्ने छनक दिएकी छिन् । गीतका शब्द शब्दमा उनले देखाएको एक्सप्रेसन र अदाले पुरानो समयकी कृष्टि केसीको झल्को दिएका छन् ।

भुवन केसीको दोस्रो निर्देशकीय भूमिका रहेको चलचित्रमा भुवन केसी र गरिमा पन्तको पनि अभिनय छ ।

सामीप्यराज तिमल्सेना र सरिन पोखरेलको लेखन रहेको यो फिल्म आगामी कार्तिक २६ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ । चलचित्रमा राजेश श्रेष्ठको छायांकन, कृष्ण भण्डारीको सम्पादन, रोमन बज्राचार्यको पार्श्व संगीत छ । फिल्ममा प्रदीप श्रेष्ठ एसोसिएट निर्देशकको रूपमा रहेका छन् । यो फिल्मलाई जिया केसी र भविष्य खड्काले निर्माण गरेका हुन् । विवेक थापा चलचित्रका सह-निर्माता हुन् ।

# बाबुराम पन्थीको 'आमा बाँचिराखे है' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं**– गायक तथा गीतकार बाबुराम पन्थीको नयाँ नेपाली गीत 'आमा बाँचिराखे' सार्वजनिक भएको छ। आमाप्रतिको माया, सम्मान र भावनात्मक सम्बन्धलाई आत्मसात् गर्ने शीर्षक बोकेको गीत एसएस सिरिजको आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

गीतमा बाबुराम पन्थीकै शब्द रहेको छ भने सूर्य न्यौपानेले संगीत भरेका छन्। महेन्द्र भण्डारीको संगीत संयोजन रहेको गीतको ध्वनि मिश्रण तथा सम्पादन खडक बाजुरालीले गरेका छन्। सागर बाजुरालीले रेकर्डिङ गरेको गीतमा हिउँवाला गौतम, आशिष प्रताप जंग, झविन्द्र पौड्याल र सुरेश अर्यालको अभिनय देख्न सकिन्छ ।

गायक पन्थी गुल्मी जिल्लाको मदानेमा सामान्य किसान परिवारमा जन्मिएर गाउँकै परिवेशमा हुर्किए । सानैदेखि गीतसंगीतप्रति रुचि राख्ने उनको औपचारिक सांगीतिक यात्रा वि.सं. २०६० सालतिरबाट सुरु भएको हो । 'पीपल छायाँमा फेरि मन फर्कियो भूपू मायामा' उनका सुरुवाती गीतमध्ये एक हो ।

त्यसपछि उनले 'बटौलीमा', 'नरोऊ बिन्ती छ', 'फूलपाती', 'मैलो चोली धुन्न नभन', 'जोडशंख फुकेर', 'आमा बिनाको दसैँ', 'गुल्मी हो नाम', 'गुल्मेलीको बस्ती', 'उकालो चढ्दै पिरती', 'मनै छैन र' र 'हिजो रातभरि देखेँ' लगायतका गीतमार्फत आफ्नो सांगीतिक यात्रालाई निरन्तरता दिँदै आएका छन् ।

गीतसंगीतप्रतिको गहिरो लगाव भए पनि पन्थीले पेसागत जीवनलाई पनि उत्तिकै महत्व दिएका छन् । उनी विगत १७-१८ वर्षदेखि बुद्ध एयरमा कार्यरत छन् र हाल अपरेसन म्यानेजरको जिम्मेवारी सम्हालिरहेका छन् । व्यस्त पेसागत जीवनका बीच पनि संगीतप्रतिको मोहलाई जीवित राख्दै आएका पन्थीका लागि गीतसंगीत आत्मसन्तुष्टि र आफ्ना भावना व्यक्त गर्ने माध्यम बनेको छ ।

गाउँको माटोबाट सुरु भएको उनको सांगीतिक यात्राले काठमाडौंसम्म आइपुग्दा विभिन्न गीतको रूप लिएको गायक पन्थी बताउँछन् । यसै यात्राको निरन्तरताका रूपमा सार्वजनिक भएको 'आमा बाँचिराखे है' ले पनि दर्शकबाट माया पाउनेमा उनी विश्वस्त छन् ।

**साउदीमा रोजगार** कम्पनी : MODERN AWAD LAUNDRY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१२ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/२६ LT. No. 330112 चलानी नं. ६०२४३९४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ironing Worker (Work in Laundry) | 1 | 0 | 1300 | ५३,४९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक ३ गते (20th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदर आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

# रंगशाला

## विश्वकप लिग-२

# आज नेपाली राष्ट्रिय क्रिकेट टिमले घरेलु टोली ओमानको सामना गर्दै

■ प्रभाव संवाददाता



**काठमाडौं**– विश्वकप लिग-२का लागि ओमानमा रहेको नेपाली राष्ट्रिय क्रिकेट टिमले आज (मंगलबार) घरेलु टोली ओमानसँग भिड्ने भएको छ । क्यानडा, ओमान र नेपालसम्मिलित सिरिजमा नेपालले पहिलो खेलमा क्यानडालाई २४ रनले पराजित गर्दै एकदिवसीय मान्यता कायम राख्ने ठूलो सम्भावना देखाएको छ ।

२०२४-२६ चक्रको अन्तिम त्रिकोणात्मक श्रृंखलामा जित्नैपर्ने दबाबबीच नेपालले पहिलो खेलमा जित हात पार्दै उच्च मनोबलका साथ घरेलु टोलीविरुद्ध मैदानमा उत्रँदैछ । अंकतालिकाको शीर्ष ६ भित्र रहेर चार वर्षका लाग एकदिवसीय मान्यता जोगाउने लक्ष्य बोकेर ओमान आइपुगेको नेपाली टोली शानदार सुरुआत गर्न सफल भएको हो ।

त्यसअघि आइतबार भएको खेलमा नेपालले पूर्वकप्तान रोहित पौडेलको शानदार ब्याटिङले क्यानडाविरुद्ध जित निकालेको थियो । रोहितले एकदिवसीय अन्तर्राष्ट्रियमा आफ्नो तेस्रो शतक पूरा गरेको दिन विश्वकप लिग-२ मा क्यानडाले पराजय बेहोरेको छ ।

ओमानस्थित अल अमिरत क्रिकेट मैदानमा सम्पन्न खेलमा नेपालले दिएको २३५ रनको प्रतिस्पर्धात्मक लक्ष्य क्यानडाले पछ्याउन सकेन । ४८.४ ओभरमा सबै विकेट गुमाएको क्यानडा २११ रनमा अलआउट भयो ।

नेपालको जितमा चार खेलाडीले समान दुई विकेट लिए । नन्दन यादव, करण केसी, ललित राजवंशी र कप्तान सन्दीप लामिछाने क्यानडियन खेलाडीलाई पवेलियनको बाटो देखाउन सफल रहे ।

क्यानडाका लागि ओपनर आरोन जोनसनले ४९ बलमा ६ चौकासहित ४४ रनको पारी खेलेका थिए । तयस्तै समित गोहेलले ३५ रन बनाउँदा अखिल कुमार ३० रनमा अविजित रहे । यसैगरी श्रेयस मोभ्मा र कप्तान हाम्जा तारिकले समान २६ रन जोडे । हर्ष थेकरले १५ रन बनाउँदा अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

त्यसअघि टस हारेर ब्याटिङमा उत्रिएको नेपालले ५० ओभरको समाप्तिमा सबै विकेट गुमाउँदै २३५ रनको योगफल खडा गरेको थियो ।

बलर अनुकुल पिचमा नेपाली ब्याटरले खराब सुरुआत गरेको थियो । स्कोरबोर्डमा १० रन हुँदा दोस्रो विकेट गुमेपछि रोहित क्रिजमा आएका थिए । रोहितले १२७ बलमा ८ चौका र एक छक्कासहित १०१ रनको पारी खेले ।

सातौं नम्बरमा अएका गुल्सन झा अर्धशतक बनाउन दुई रनले चुके । उनले ३४ बलमा ४ चौका र ३ छक्कासहित सम्मानजनक पारी खेलेका हुन् । पाँचौं नम्बरका वसिर अहमदले ५७ बलमा तीन चौकासहित ३० रन बनाए । त्यस्तै ओपनर अर्जुन कुमालले २३ रनको योगदान गरे । क्यानडाका लागि अखिल कुमारले सर्वाधिक चार र सुखजिन्दर सिंहले तीन विकेट लिए । यसैगरी जहिद सेहजादको नाममा दुई विकेट रह्यो ।

जितसँगै नेपाल छैटौं स्थानमा उक्लिएको छ । टोलीले ३३ खेलमा २६ अंक जोडेको छ । सोझै ग्लोबल क्वालिफायर पुग्नै नेपालको चुनौती समाप्त भइसकेको छ । खेल नेपाली समयअनुसार बिहान ११:१५ बजे हुनेछ ।

**मलेसियामा रोजगार** कम्पनी : SHAPADU SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२६ LT. No. 334540 चलानी नं. ६०२४७९५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 28 | 0 | 1700 | ६४,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक ३ गते (20th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

**कुवेतमा रोजगार** कम्पनी : BEAUTY WORK LADIES SALON & SPA CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/२६ LT. No. 338150 चलानी नं. ६०२५१६७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser/hair Stylist | 0 | 4 | 150 | ७४,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver (Male) | 2 | 0 | 150 | ७४,४८८ | | | | | | | |
| 3. | Manicure/pedicure | 0 | 3 | 150 | ७४,४८८ | | | | | | | |
| 4. | Nail Technicial(Manicurist/pedicurist) | 0 | 3 | 120 | ७४,४८८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक ३ गते (20th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**युएइमा रोजगार** कम्पनी : {ROYAL PALACE FURNITURE INDUST. CO. {L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/११ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२६ LT. No. 337766 चलानी नं. ६०२५१२३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basic Machine Operator | 4 | 0 | 1500 | ६३,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner I | 5 | 0 | 1000 | ४२,०९१ | | | | | | | |
| 3 | Curtain Tailor | 20 | 0 | 1500 | ६३,१३६ | | | | | | | |
| 4 | FURNITURE UPHOLSTER. | 7 | 0 | 1500 | ६३,१३६ | | | | | | | |
| 5 | MESSENGER | 25 | 0 | 1000 | ४२,०९१ | | | | | | | |
| 6 | Sales Officer | 20 | 0 | 1500 | ६३,१३६ | | | | | | | |
| 7 | stevedores | 10 | 0 | 1000 | ४२,०९१ | | | | | | | |
| 8 | Wood Painter | 7 | 0 | 1500 | ६३,१३६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक ३ गते (20th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1682/080/081
NEPAL WORLD OVERSEAS PVT.LTD
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



उत्तरपूर्वी चीनको हेइलोङजियाङ प्रान्तको डोङनिङमा रहेको बाघ र चितुवा राष्ट्रिय निकुञ्जस्थित डोङनिङ विज्ञान लोकप्रियता र शिक्षा केन्द्रको भ्रमण गर्दै एक महिला । *तस्बिरः सिन्हुवा*

# ऊर्जा संकट र ऋणको दबाबमा विश्व अर्थतन्त्र

**बैंकक–** अमेरिका-इरान युद्धबाट बढेको ऊर्जा संकट, चुलिँदो ऋण र कृत्रिम बौद्धिकता (एआई) प्रविधिमा भइरहेको लगानीले विश्व अर्थतन्त्र प्रभावित भइरहेका बेला अर्थमन्त्री तथा केन्द्रीय बैंकका प्रमुखहरू अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) र विश्व बैंकको वार्षिक बैठकका लागि बैंककमा भेला हुँदै छन् ।

सोमबारदेखि शनिबारसम्म चल्ने बैठकमा बढ्दो मुद्रास्फीति, जलवायु संकट र आर्थिक दबावबीच सरकारी खर्च नियन्त्रण तथा प्रभावित नागरिकलाई सहयोग गर्ने चुनौतीबारे छलफल हुने छ । आइएमएफले वित्तीय सञ्चिति बढाउन खर्च नियन्त्रण गर्न आग्रह गरे पनि आलोचकहरूले विकासशील देशलाई थप वित्तीय सहयोग आवश्यक रहेको बताएका छन् ।

आइएमएफ प्रमुख क्रिस्टालिना जर्जिएभाका अनुसार विश्व अर्थतन्त्र एकातिर ऊर्जा आपूर्तिमा आएको धक्का र अर्कातिर एआईका कारण बढेको मागको दोहोरो दबाबमा छ । इरान युद्धका कारण तेल तथा ग्यास आपूर्ति प्रभावित हुँदा आयातीत ऊर्जामा निर्भर विकासशील देश बढी मारमा परेका छन् ।

बोस्टन विश्वविद्यालयका विकास नीति केन्द्रका निर्देशक केभिन पी. गलाघेरले युद्ध, बढ्दो ब्याजदर र एल निनोबाट तीव्र बनेको जलवायु संकटले गरिब देशलाई समस्यामा पारेको बताए । उनले ती देशलाई तत्कालीन आर्थिक सहायता र दीर्घकालीन वित्तीय सहयोग उपलब्ध गराउनुपर्नेमा जोड दिए । युएनडिपीले पनि ऊर्जा तथा खाद्यान्नको मूल्यवृद्धिले लाखौं मानिसलाई पुनः गरिबीमा धकेल्न सक्ने चेतावनी दिएको छ ।

विकसित देशमा ऊर्जा मूल्यवृद्धिले मुद्रास्फीति बढाएपछि केन्द्रीय बैंकहरूले ब्याजदर बढाएका छन् । अर्कातिर, एआईमा बढ्दो लगानीले सेयर बजार र आर्थिक वृद्धिलाई टेवा दिएको छ । आइएमएफले एआईमा हुने लगानी रेलमार्ग, विद्युत् तथा दूरसञ्चार सञ्जाल निर्माणमा हुने लगानीभन्दा बढी हुन सक्ने जनाएको छ । तर, यसको आपूर्ति शृंखलाबाहिर रहेका विकासशील देशले आर्थिक लाभ लिन नसक्ने चिन्ता छ ।

यस साता जी-२० का अर्थमन्त्रीहरूको बैठकसहित अन्य छलफल पनि हुने छन् । सरकारी ऋणपत्रको बढ्दो प्रतिफल प्रमुख कार्यसूचीमा रहने बैठकमा अमेरिकी अर्थमन्त्री स्कट बेसेन्ट भने घरेलु व्यस्तताका कारण सहभागी नहुने अमेरिकी अर्थ मन्त्रालयका एक अधिकारीले बताएका छन् । *रासस/एएफपी*

# मध्यपूर्वमा तनाव बढ्दै, अमेरिकी प्रस्तावप्रति इरानको असन्तुष्टि



**तेहरान–** युद्ध अन्त्यका लागि अमेरिकाले दिएको पछिल्लो जवाफप्रति इरानले असन्तुष्टि व्यक्त गरेको छ । इरानले उक्त जवाफलाई अपर्याप्त ठहर गर्दै युद्ध पुनः चर्किएमा क्षेत्रीय डेटा सेन्टर, सञ्चार केबल तथा कृत्रिम बुद्धिमत्तासम्बन्धी पूर्वाधारलाई लक्षित गर्न सक्ने चेतावनी दिएको छ । यसैबीच, इजरायलका पूर्वमहान्यायाधिवक्ता अविचाई म्याण्डेलब्लिटले प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुविरुद्ध चलिरहेको भ्रष्टाचारसम्बन्धी मुद्दामा अदालतसमक्ष बयान दिएका छन् । आगामी निर्वाचन नजिकिँदै गर्दा नेतान्याहुको राजनीतिक भविष्यबारे चासो बढेको छ ।

## अमेरिकी जवाफप्रति इरानको असन्तुष्टि

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का प्रमुख मोहसेन रेजाईले युद्ध अन्त्य गर्ने विषयमा अमेरिकाबाट प्राप्त पछिल्लो जवाफ पर्याप्त नभएको बनाएका छन् ।

इरानको सरकारी समाचार संस्था आइआरएनएका अनुसार रेजाईले अमेरिकाले प्रस्तावका सात सर्तमध्ये केही स्वीकार गरे पनि अन्य विषयमा अझै स्पष्टता आवश्यक रहेको उल्लेख गरेका छन् । उनले युद्ध पुनः तीव्र भएमा क्षेत्रीय सञ्चार केबल, डेटा सेन्टर, एआई पूर्वाधारलगायत महत्त्वपूर्ण संरचनालाई लक्षित गर्न सकिने चेतावनी दिए ।

यसैबीच, इरानी रिभोलुसनरी गार्डको नौसेनाले होर्मुज जलडमरूमध्यबाट आवतजावत गर्ने जहाजले आफ्नो नेभिगेसन तथा पहिचान प्रणाली बन्द गरे त्यस्ता जहाजलाई सत्रुतापूर्ण मान्न सकिने जनाएको छ ।

## नेतान्याहुविरुद्धको भ्रष्टाचार मुद्दामा पूर्वमहान्यायाधिवक्ताको बयान

इजरायलका पूर्वमहान्यायाधिवक्ता अविचाई म्याण्डेलब्लिटले प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुविरुद्ध चलिरहेको भ्रष्टाचारसम्बन्धी मुद्दामा अदालतसमक्ष बयान दिएका छन् । म्याण्डेलब्लिटले सात वर्षअघि नेतान्याहुविरुद्ध ठगी, विश्वासको दुरूपयोग तथा घुस लिएको आरोपमा अभियोग दायर गरेका थिए । इजरायलमा पदमा बहाल प्रधानमन्त्रीविरुद्ध भ्रष्टाचारसम्बन्धी अभियोग दायर भएको यो पहिलो घटना थियो । नेतान्याहुमाथि राजनीतिक लाभका लागि धनी सहयोगी तथा सञ्चारमाध्यमका प्रभावशाली व्यक्तिहरूसँग अनुचित सुविधा आदानप्रदान गरेको आरोप लागेको छ । यद्यपि, उनले आफूविरुद्धका आरोप अस्वीकार गर्दै आएका छन् ।

## साउदी अरबमा सुरक्षा सतर्कता, हुथीद्वारा थप आक्रमणको चेतावनी

साउदी अरबको राजधानी रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थलको यात्रु टर्मिनलमा पुनः आक्रमण भएको छ । यसअघि शनिबार भएको आक्रमणमा १२ जनाको मृत्यु भएको थियो । पछिल्लो आक्रमणमा पनि केही व्यक्ति घाइते भएको साउदी अधिकारीहरूले जनाएका छन् ।

यमनका इरानसमर्थित हुथी विद्रोहीले विमानस्थलमा भएका दुवै आक्रमणको जिम्मेवारी लिएका छन् । हुथीका सैन्य प्रवक्ता याहचा सारीले साउदी हवाई क्षेत्रमा उडान गर्दा हुन सक्ने जोखिमप्रति सचेत रहन आग्रह गरेका छन् ।

यसैबीच, हुथीको नियन्त्रणमा रहेको अल-मसिरा टेलिभिजनले यमनको राजधानी सानामा पनि थप आक्रमण भएको जनाएको छ । उक्त आक्रमणका लागि हुथी पक्षले साउदी अरबलाई जिम्मेवार ठहर गरेको छ । साउदी अधिकारीहरूले भने यस विषयमा सार्वजनिक प्रतिक्रिया दिएका छैनन् । लगातार भइरहेका आक्रमणका घटनाले साउदी अरब र हुथी विद्रोहीबीचको तनाव थप बढाएको छ । यसले अमेरिका र इरानबीच जारी युद्ध अन्त्य गर्ने प्रयासमासमेत चुनौती थपेको छ ।

## गाजामा आक्रमणपछि घर फर्किएका बासिन्दा भग्नावशेषको सामना गर्दै

इजरायली आक्रमणबाट प्रभावित मध्य गाजाका बासिन्दा आफ्नो घरको अवस्था बुझ्न फर्किएका छन् । आक्रमणअघि उनीहरूलाई सुरक्षित स्थानमा जान आग्रह गरिएको थियो । स्थानीय बासिन्दा बसाम आबेदका अनुसार करिब ३०० परिवार बसोबास गर्ने कम्तीमा १० वटा आवासीय भवन ध्वस्त भएका छन् । उनका अनुसार प्रभावित परिवारलाई सुरक्षित स्थानमा जान पर्याप्त समय उपलब्ध गराइएको थिएन ।

इजरायली सेनाले भने हमासका लडाकुले सैनिकमाथि आक्रमण गर्न प्रयोग गरेको रकेट प्रक्षेपणस्थल र कमाण्ड सेन्टरलगायतका सैन्य संरचनालाई लक्षित गरिएको जनाएको छ । युद्धविराम सम्झौता भएको एक वर्ष बितिसक्दा पनि गाजामा इजरायली आक्रमण लगभग दैनिकरूपमा जारी रहेको समाचारमा उल्लेख छ ।

## “नाजा” वृत्तचित्रबारे अनुसन्धान गर्न नेतान्याहुको आग्रह

इजरायली प्रधानमन्त्री नेतान्याहुले ‘नाजा’ नामक वृत्तचित्रमा सहभागी व्यक्तिहरूबारे अनुसन्धान गर्न महान्यायाधिवक्ता र आन्तरिक सुरक्षा निकाय शिन बेटका प्रमुखलाई आग्रह गरेका छन् । उक्त वृत्तचित्रमा इजरायली सेनासँग सम्बन्धित व्यक्तिहरूले गाजामा सर्वसाधारणको ज्यान जाने घटनाबारे आफ्ना अनुभव प्रस्तुत गरेका छन् । नेतान्याहुले वृत्तचित्रमा इजरायल र उसको सेनाबारे भ्रामक तथा पक्षपातपूर्ण विवरण प्रस्तुत गरिएको आरोप लगाएका छन् । उक्त वृत्तचित्रले इजरायलभित्र पनि विभिन्न प्रतिक्रिया उत्पन्न गरेको छ ।

## दक्षिणी लेबनानमा गोलाबारीबाट अवकाशप्राप्त सैनिक अधिकारीको मृत्यु

लेबनानको सेनाले दक्षिणी लेबनानको याटेर सहरमा आफ्नो सम्पत्तिको अवस्था बुझ्न गएका अवकाशप्राप्त सैनिक अधिकारी अली अब्दुल हसन स्वेइदानको इजरायली तोपको गोलाबारीमा मृत्यु भएको जनाएको छ । लेबनानी सेनाका अनुसार स्वेइदानलाई इजरायली ट्याांकबाट प्रत्यक्ष निशाना बनाइएको थियो । सेनाले उक्त घटनाप्रति आपत्ति जनाउँदै यसलाई विद्यमान समझदारीको उल्लंघन भनेको छ ।

यता, इजरायली सेनाका प्रवक्ताले उक्त घटनाबारे आफूहरूलाई जानकारी नभएको बनाएका छन् । इरानसमर्थित लेबनानी सशस्त्र समूह हिजबुल्लाहसँग युद्ध सुरु भएयता इजरायलले दक्षिणी लेबनानको ठूलो भूभाग नियन्त्रणमा राखेको समाचारमा उल्लेख छ । यस घटनाले क्षेत्रीय सुरक्षा अवस्था र सर्वसाधारणको सुरक्षाबारे थप चिन्ता उत्पन्न गरेको छ । *रासस/एपी*

**कतारमा रोजगार** कम्पनी : THE HANADY BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८३/०६/२० पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/२६ LT. No. 344844 चलानी नं. ६०२५८१०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician, Beauty | 0 | 1 | 1700 | ७१,९४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक ३ गते (20th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957, 9818241281 Ananda Budhathoki
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

**साउदीमा रोजगार** कम्पनी : SAQIF RESTAURANTS FOR CATERING

पूर्व स्वीकृति मिति : २०८३/०३/३० पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२६ LT. No. 344943 चलानी नं. ६०२४९५२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sellsman | 2 | 0 | 2000 | ८२,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक ३ गते (20th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**मलेसियामा रोजगार** कम्पनी : CHAI HUA FISH FARM SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/११/०१ पन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२६ LT. No. 338963 चलानी नं.६०२५२४०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 12 | 0 | 1700 | ६३७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक ३ गते (20th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**
श्रम इजाजत नं. १४६५/०७४/०७५
Manpower Bazar, Sinamangal–09 Kathmandu, Nepal,Pho No: 9861596041, 9813467879, 9841702553, 9851177708 Email:everbrightoverseas2018@gmail.com, Web:www.everbrightoverseas.com

**युएइमा रोजगार** कम्पनी : ME SERVICES .LLC

पूर्व स्वीकृति मिति : २०८३/०३/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२६ LT. No. 344886 चलानी नं. ६०२५८१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Boy | 82 | 0 | 1200 | ५०,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक ३ गते (20th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
Govt. License 083/053/054
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय बेशिसहर, लमजुङका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०६/२७ गते मंगलबारको प्रभाव दैनिक राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८३/०३/३१ गते बुधबारको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलवन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय बेशिसहर, लमजुङमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८३/०७/११ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय बेशिसहर, लमजुङमा** दिनको ठीक ३ :०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, शाखा कार्यलय लमजुङबाट प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७।०६।१५ मा प्रा.फ.नं.घ.उ.वि. ३९१७।०७७/७८ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, दमौलीबाट मिति २०७७/०६/२१ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१३९२२४९८ को प्रमाणपत्र प्राप्त **यूवा जागरण कृषि तथा पशु फर्म ।**
**रजिष्ट्रर्ड ठेगाना :** जिल्ला लमजुङ, मर्स्याङ्दी गा.पा. वडा नं. ३ ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : यम लाल तामाङ** (ना.प्र.नं. १७७, जारी मिति २०६०।०९।२८, प्रतिलिपि जारी मिति २०७५।१०।१४, जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ) ।<br>ठेगाना : लमजुङ जिल्ला, मर्स्याङ्दी गा.पा वडा नं. ३ ।<br>बाबु : नन्द रास तामाङ । बाजे : टेक बहादुर तामाङ । | **जमानतकर्ता : नन्द रास तामाङ** (ना.प्र.नं. ७२११, जारी मिति २०४२।०४।२२ जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ) ।<br>ठेगाना : लमजुङ जिल्ला, मर्स्याङ्दी गा.पा. वडा नं. ३ (साविक खुदी गा.वि.स. वडा नं. ७) ।<br>बाबु : टेक बहादुर तामाङ । बजे : पुर्ण बहादुर तामाङ । |
| **जमानतकर्ता : ईस माया तामाङ** (ना.प्र.नं. ३२ ९९, जारी मिति २०४४।११।१५ जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ) ।<br>ठेगाना : लमजुङ जिल्ला, मर्स्याङ्दी गा.पा. वडा नं. ३ (साविक खुदी गा.वि.स. वडा नं. ७) ।<br>बाबु : कर्म सिंह तामाङ ।<br>पति : नन्द रास तामाङ । ससुराः टेक बहादुर तामाङ । | **जमानतकर्ता : यम कुमारी तामाङ** (ना.प्र.नं. ४५-०१-७०-०२२८५ जारी मिति २०७०।०६।१६ जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ) ।<br>ठेगाना : लमजुङ जिल्ला, , मर्स्याङ्दी गा.पा. वडा नं. ३ (साविक खुदी गा.वि.स. वडा नं. ७) ।<br>बाबु : सोम बहादुर तामाङ ।<br>पति : यम लाल तामाङ । ससुराः नन्द रास तामाङ । |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

**१. यम लाल तामाङ**को नाममा मालपोत कार्यालय लमजुङमा दर्ता श्रेष्ता कायम रहेको लमजुङ जिल्ला खुदी गा.बि.स. वडा नं. २, नक्सा सिट नं २, कित्ता नं. १७० क्षेत्रफल ३-४-१-३ (रोपनी)को घर/जग्गा र ऐ. ऐ. वडा नं. २ नक्सा सिट नं. ०९४०६२९, कित्ता नं. ८०४ क्षेत्रफल १-६-१-१ (रोपनी)को घर/जग्गा र उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...... १

२. ऋणी **यूवा जागरण कृषि तथा पशु फर्म**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ...१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बेशिसहर, लमजुङबाट** समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बेशिसहर, लमजुङमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९४४०० | प्रति तोला – ० | प्रति तोला – ४४१५ |



**च्याउ टनेल** | धनगढी उपमहानगरपालिका–३, बोराडाँडीका कृषि उद्यमी मनोज पडालले व्यावसायिक रूपमा च्याउ खेतीका लागि निर्माण गरेका टनेल। उनले च्याउ खेतीलाई उत्पादनमा मात्र सीमित नराखी अन्य किसानलाई समेत यस व्यवसायमा जोड्ने आकर्षित गरेका छन्। *तस्बिरः तिलकराज ओझा/रासस*

## उद्योगीका समस्या समाधान गर्न आग्रह

■ प्रभाव संवाददाता

**बुटवल–** रूपन्देहीका उद्योगी व्यवसायी र सरोकारवालाहरूले उद्योग व्यवसाय सञ्चालनका क्रममा भोग्नुपरेका समस्या समाधान गर्न तीनै तहका सरकारसँग आग्रह गरेका छन्। सोमबार रूपन्देही उद्योग संघको वार्षिक साधारणसभामा बोल्ने वक्ताहरूले उक्त आग्रह गरेका हुन्।

उद्योग व्यवसाय सञ्चालनका क्रममा भोग्नुपरेका नीतिगत समस्या, करको भार, जग्गाको अभाव, बैंक ऋण लिदा हुने कठिनाइ तथा औद्योगिक क्षेत्र व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न तीन तहकै सरकारले पहल गर्नुपर्ने उनीहरूको माग छ।

साधारणसभाको उद्घाटन गर्दै लुम्बिनी प्रदेशका वन, वातावरण तथा पर्यटनमन्त्री तुलसी चौधरीले उद्योगीका समस्या तीनै तहका सरकारसँग जोडिएको बताए। उनले रूपन्देही औद्योगिक क्षेत्रको केन्द्र तथा अर्थतन्त्रको जग भएको उल्लेख गर्दै उद्योग बलियो नभएसम्म सम्बन्धित क्षेत्रको विकास सम्भव नहुने धारणा राखे।

मन्त्री चौधरीले केही नीतिगत समस्याका कारण उद्योगीहरूले कठिनाइ भोग्नुपरेको स्वीकार गरे। बैंकको ब्याजदर घटे पनि उद्योगीहरूले सहजरूपमा ऋण प्राप्त गर्न नसकेकोप्रति उनले चासो व्यक्त गरे। सफल उद्योगीहरूमाथि भएका गलत व्यवहारले निजी क्षेत्रको मनोबल कमजोर बनेको पनि उनले उल्लेख गरे। मन्त्री चौधरीले औद्योगिक क्षेत्रको व्यवस्थापन प्रभावकारी हुन नसकेको स्वीकार गर्दै प्रदेश सरकारले काम गर्न खोजे पनि संघीय सरकारबाट आवश्यक सहयोग र अधिकार प्राप्त हुन नसकेको गुनासो पोखे।

साधारणसभामा सहभागी उद्योगीहरूले उद्योगमैत्री वातावरण निर्माण, लगानीको सुरक्षा र निजी क्षेत्रको मनोबल बढाउने नीति आवश्यक रहेको बताएका छन्।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले संघमा वर्षभरि भएका गतिविधि प्रस्तुत गर्दै उद्योगीहरूले विभिन्न शीर्षकमा धेरै स्थानमा कर तिर्नुपरेको, स्पष्ट निति नियमको अभाव, उद्योग विस्तारका लागि पर्याप्त जग्गा अभाव तथा नीतिगत जटिलताका कारण व्यवसाय सञ्चालनमा कठिनाइ भएको गुनासो गरे। उनले स्वदेशी उद्योगलाई टिकाउने नीति बनाउन तीनै तहका सरकारको ध्यानाकर्षण गराए।

प्रतिनिधिसभा सदस्य सुलभ खरेलले मुलुकमा अपेक्षित आर्थिक प्रजातन्त्र स्थापित हुन नसकेको बताए। उनले अन्तर्राष्ट्रिय राजनीतिक समस्याका कारण मूल्यवृद्धि बढेको र बजारमा अस्थिरता देखिएको चर्चा गरे।

सरकारले चाहेजस्तो सेवा दिन नसकेको स्वीकार गर्दै सांसद खरेलले विगतमा देखिएका धेरै समस्या समाधानको प्रक्रियामा रहेको जानकारी दिए। निजी क्षेत्रका प्रतिनिधिलाई सीधै पक्राउ नगर्ने प्रतिबद्धता प्रधानमन्त्रीबाट आएको उल्लेख गर्दै उनले सरकार र निजी क्षेत्रबीच सहकार्य तथा लगानीको वातावरण निर्माण आवश्यक रहेको धारणा राखे। कार्यक्रममा बुटवल उपमहानगरपालिकाकी उपप्रमुख सावित्रा अर्याल, पश्चिम नेपाल बस व्यवसायी संघका अध्यक्ष दधिराम खरेल, रूपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालगायतले आ-आफ्नो धारणा राखेका थिए।

## उत्तरी गोरखाका पाँच हजार घरधुरी विद्युत्‌विहीन

■ प्रभाव संवाददाता

**गोरखा –** उत्तरी गोरखाका करिब पाँच हजार घरधुरी विद्युतविहीन बनेका छन्।

सिर्दिबास उहिया लघुजलविद्युत् आयोजना बूढीगण्डकी बाढीले क्षति पुऱ्याएका कारण उक्त क्षेत्रका जनता प्रभावित बनेका हुन्। आइतबार मध्यरातिदेखि आएको बाढीले जलविद्युत् आयोजना बगाएपछि चुमनुब्री गाउँपालिका वडा नं ३ र वडा नं ६ मा विद्युत् अवरुद्ध बनेको सिर्दिबास उहिया लघुजलविद्युत् आयोजनाका अध्यक्ष सुजन गुरुङले बताए।

चुमनुब्रीको लोक्पा, दुङ्ला, न्याक, फिलिम, चिसापानी, आंगा, सर्स्युं, नाम्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, पैयुँ, भालुवन, सिर्दिबास र जगत्मा विद्युत् अवरुद्ध भएको हो। जसका कारण ९७१ घरधुरी प्रभावित बनेको उनले जानकारी दिए।

'बाढीले विद्युत्को १२ पोल बगायो, एउटा टावर र तारहरू पनि कता पुऱ्यायो, पुऱ्यायो। पावर हाउस चाँही सुरक्षित छ', उनले भने। विद्युत् नहुँदा उत्तरी गोरखाको गाउँबस्ती समस्यामा परेको चुमनुब्रीको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटाले बताए।

> 'बाढीले विद्युत्को १२ पोल बगायो, एउटा टावर र तारहरू पनि कता पुऱ्यायो, पुऱ्यायो। पावर हाउस चाहिँ सुरक्षित छ।'

विद्युत् र इन्टरनेट नहुँदा हाल पालिकाको प्रशासनिक काम ठप्प बनेको छ। निजी संघसंस्था र स्थानीय नागरिक पनि मर्कामा परेका छन्। हाल उत्तरी गोरखाको बाढी प्रभावित क्षेत्रमा एक गाउँबाट अर्को गाउँसम्म पुग्न सक्ने अवस्थासमेत नरहेको चुमनुब्री गाउँपालिकाकी पूर्वउपाध्यक्ष कुमारी गुरुङ बताउँछिन्। 'फिलिमबाट न तल जाने ठाउँ छ, न त माथि जाने। बाढीले पुल, बाटो सबै बगायो', उनले भने, 'झनै बिजुली पनि नहुँदा त यो ठाउँ अन्धकार बनेको छ। धन्न मानवीय क्षति भने भएको छैन।' उत्तरी गोरखाको अधिकांश गाउँबस्तीमा बिजुली र इन्टरनेटको समस्या रहेको गुरुङको भनाइ छ। बाढीका कारण उत्तरी गोरखाको धार्चे गाउँपालिकावासीलाई झनै मर्का परेको छ।

हाल गाउँपालिकाको सात वटै वडाका करिब चारहजार घरधुरी विद्युत्विहीन बनेको पालिकाको प्रमुख प्रशासकिय अधिकृत बुद्धिराम बस्नेतले जानकारी दिए। विद्युत् प्राधिकरणको आरुघाटस्थित वितरण केन्द्रमा बाढीले क्षति पुऱ्याएपछि धार्चे गाउँपालिका अन्धकार बनेको उनले बताए।

'बाढीले यहाँको बिजुली, सञ्चार, बाटो-घाटो, पुल सबै बगायो', उनले भने। जिल्लाको आरुघाट गाउँपालिकाका ५० घरधुरी समते विद्युत्विहीन बनेका छन्। पालिकाका अध्यक्ष राजु गुरुङले आरुघाटको वडा नं ५ शान्ति बजार क्षेत्रका ५० घरधुरीमा विद्युत् सेवा अवरुद्ध बनेको छ।

## सर्वसाधारणलाई बजेट बुझाउन 'नागरिक बजेट' पुस्तिका

**काठमाडौं (प्रस)–** अर्थ मन्त्रालयले सर्वसाधारण नागरिकले सजिलै बुझ्न सक्ने गरी चालू आर्थिक वर्षको बजेटलाई 'नागरिक बजेट' पुस्तिकामार्फत सार्वजनिक गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेद्वारा प्रस्तुत कुल २१ खर्ब २४ अर्ब ३४ करोड रूपैयाँको वार्षिक बजेट तथा कार्यक्रमलाई सरल र संक्षिप्त रूपमा बुझाउन यो पुस्तिका तयार पारिएको हो।

पुस्तिकामा बजेटका मुख्य प्राथमिकता, करका प्रावधान, विकासका लक्ष्य तथा वित्तीय अनुशासनसम्बन्धी विषयहरू सर्वसाधारणले सहजै बुझ्ने भाषामा समेटिएका छन्। वाग्लेले पारदर्शिता, सुशासन र जवाफदेहिता सुनिश्चित गर्दै उत्पादनशील तथा प्रविधिमैत्री अर्थतन्त्र निर्माण गर्ने लक्ष्यसहित यो बजेट ल्याइएको बताएका छन्।

नागरिक बजेट पुस्तिकाअनुसार कुल बजेटलाई मुख्य तीन शीर्षकमा वर्गीकरण गरिएको छ। जसलाई तीन मुख्य भागमा वर्गीकरण गरिएको। चालू खर्चमा नियमित सञ्चालन र सेवा प्रवाहका लागि १२ खर्ब ७० अर्ब ५८ करोड, पुँजीगत खर्चमा पूर्वाधार विकास तथा निर्माणका लागि ४ खर्ब ३१ अर्ब ११ करोड र वित्तीय व्यवस्थामा ऋणको साँवा-ब्याज भुक्तानी तथा सेयर लगानीका लागि ४ खर्ब २२ अर्ब ६५ करोड रहेको छ।

त्यस्तै, बजेटको स्रोत व्यवस्थापनतर्फ राजस्वबाट १४ खर्ब ५ अर्ब ३२ करोड रूपैयाँ संकलन गर्ने लक्ष्य राखिएको छ। बाँकी रकममध्ये वैदेशिक अनुदानबाट ६१ अर्ब ७४ करोड, आन्तरिक ऋणबाट ४ खर्ब १० अर्ब र वैदेशिक ऋणबाट २ खर्ब ४७ अर्ब २८ करोड रूपैयाँ बेहोरिने उल्लेख छ।

## बडीमालिकामा केबलकार अध्ययन र खप्तडमा पूर्वाधार निर्माण गर्न बजेट

■ प्रभाव संवाददाता

**बाजुरा –** सुदूरपश्चिम प्रदेश सरकारले बाजुरास्थित धार्मिक तथा पर्यटकीय क्षेत्र बडीमालिकामा केबुलकार सञ्चालनका लागि आवश्यक अध्ययन गर्न रु तीन करोड २५ लाख बजेट विनियोजन गरेको छ। प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेशसभामा पेस भएको बजेटमा बडीमालिका क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले केबुलकार सञ्चालनको सम्भाव्यता अध्ययनका लागि उक्त बजेट छुट्याएको हो।

यस्तै, बडीमालिकामा केबुलकार सञ्चालनका लागि व्यवस्थापन सम्भाव्यता अध्ययन गरी सार्वजनिक तथा निजी साझेदारीअन्तर्गत बुट मोडेल सञ्चालन गर्न चालु आर्थिक वर्षबाट प्रक्रिया अगाडि बढाइने जनाएको छ।

प्रदेशका आर्थिक मामिलामन्त्री चक्रबहादुर मल्लले बजेट प्रस्तुत गर्दै बडीमालिकामा केबुलकार सम्भाव्य अध्ययन गर्न उक्त रकम विनियोजन गरिएको जनाउँदै त्यस क्षेत्रमा वर्ष विद्युत् लाइन विस्तार गरिने जानकारी गराए।

बजेटमा धार्मिक तथा पर्यटकीय क्षेत्र खप्तड राष्ट्रिय निकुञ्जमा मन्दिरसहित आवश्यक पूर्वाधार निर्माण गर्न रु छ करोड १० लाख विनियोजन गरिएको छ। बाजुरा, बझाङ्ग, अछाम र डोटीको सीमानामा पर्ने खप्तडस्थित त्रिवेणीधाममा प्यागौडाशैलीमा सुदूरपश्चिमको पहिचान झल्काउन मन्दिर, गोल्डेन ब्रिज र त्यस क्षेत्रमा विद्युत् लाइन विस्तारका लागि उक्त बजेट विनियोजन गरिएको हो। हालसम्म खप्तडमा विद्युत् लाइन नहुँदा त्यहाँ बस्ने सुरक्षाकर्मी, स्थानीय तथा पर्यटकले सास्ती भोग्दै आएका छन्।

बाजुराको पूर्वी उत्तरी क्षेत्र बूढीनन्दा नगरपालिका-२ स्थित कोल्टी आधारभूत अस्पताललाई प्रादेशिक बनाइने भएको छ। सुदूरपश्चिम प्रदेश सरकारका आर्थिक मामिलामन्त्री मल्लले प्रदेशसभा बैठकमा प्रस्तुत गरेको चालु आर्थिक वर्षको बजेटमार्फत कोल्टीलाई प्रादेशिक अस्पताल बनाइने जानकारी गराए।

## कर्पोरेट

### ग्लोबल आइएमईलाई 'फोनपे अनर्स २०८३'का दुई अवार्ड







**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड 'फोनपे अनर्स २०८३' अन्तर्गत दुई प्रतिष्ठित विधामा सम्मानित भएको छ। नेपालको डिजिटल वित्तीय भुक्तानी प्रणालीको प्रवर्द्धन तथा विकासमा पुऱ्याएको उत्कृष्ट योगदानको कदर गर्दै बैंकलाई यी पुरस्कार प्रदान गरिएको हो। बैंकले 'हाइएस्ट फोनपे डाइरेक्ट भोलुम (इस्युअर)' र 'हाइएस्ट फोनपे क्यूआर भोलुम (इस्युअर)' विधामा अवार्ड प्राप्त गरेको छ। आफ्नो मोबाइल बैंकिङ एप 'ग्लोबल स्मार्ट प्लस' मार्फत अन्तरबैंक रकम स्थानान्तरण (आईबिएफटी) र फोनपे क्यूआर कारोबारमा ग्राहकहरूलाई सहज भुक्तानी सेवा उपलब्ध गराउँदै सबैभन्दा बढी कारोबार गर्न सफल भएकाले बैंकलाई यी दुई विधामा पुरस्कृत गरिएको जनाइएको छ।

ग्राहकलाई सुरक्षित, भरपर्दो र प्रभावकारी डिजिटल वित्तीय सेवा उपलब्ध गराउँदै डिजिटल भुक्तानी प्रणालीलाई व्यापक बनाउन बैंकले खेलेको भूमिकाको कदरस्वरूप यो सम्मान प्रदान गरिएको बैंकले उल्लेख गरेको छ। ग्राहकहरूले बैंकको मोबाइल बैंकिङ एपमार्फत सहजै खाताबाट रकम स्थानान्तरण तथा क्यूआरमार्फत भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइएको छ। डिजिटल बैंकिङ प्रणालीप्रति ग्राहकहरूको बढ्दो आकर्षण र बैंकको ग्राहककेन्द्रित नवप्रवर्तनकारी सेवाकै कारण यो उपलब्धि सम्भव भएको बताइएको छ। बैंकले आगामी दिनमा पनि डिजिटल रूपान्तरण, वित्तीय समावेशीकरण र विद्युतीय भुक्तानी पूर्वाधार विस्तारलाई प्राथमिकता दिँदै नगदरहित (क्यासलेस) कारोबारलाई थप सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरेको छ।

### एनसेल र सामसङबीच चाडपर्वमा घरायसी विद्युतीय उपकरणमा छुट दिने सम्झौता

**काठमाडौं (प्रस)–** एनसेलले सामसङ नेपालसँग सहकार्य गर्दै आफ्ना ग्राहकहरूलाई सामसङका घरायसी विद्युतीय उपकरणहरूमा विशेष छुटको सुविधा उपलब्ध गराउने भएको छ। यसअन्तर्गत टेलिभिजन, फ्रिज तथा वासिङ मेसिनलगायतका उपकरणहरूको खरिदमा ग्राहकले अब अतिरिक्त छुट समेत पाउछन्। नेपालमा चाडपर्वको रौनक छाइरहेका बेलामा एनसेलका ग्राहकले सामसङले चाडपर्वका अवसर पारेर उपलब्ध गराउँदै आएको छुटमा थप १२ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्छन्। यसबाट ग्राहकले अब कुल ३१ प्रतिशतसम्म आफ्नो खर्च बचत गर्न सक्नेछन्। ग्राहकले प्राप्त गर्ने अतिरिक्त छुट ५ प्रतिशत, ८ प्रतिशत वा १२ प्रतिशत उनीहरूले लिएको प्याक वा रेन्टल प्याकमा निर्भर हुन्छ। एनसेलका प्रोडक्ट डाइरेक्टर ललित शारदा र सामसङ नेपालका प्रबन्ध निर्देशक चाङ उक जङको उपस्थितिमा उक्त सहकार्यलाई औपचारिक रूप दिइएको छ। यस सहकार्यले ग्राहकलाई थप लाभ प्रदान गर्ने र सेवा अनुभवलाई अझ उत्कृष्ट बनाउने दुवै कम्पनीहरूले साझा प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको छ।

यो अफर असोज २२ देखि कार्तिक ३० सम्म लागू हुनेछ। यस अवधिमा दसैं, तिहार र छठलगायतका प्रमुख चाडपर्व रहेका छन्। ग्राहकले एनसेल एपको 'पार्टनर्ड सर्भिसेज' सेक्सनमा गएर आफ्नो योग्यता जाँच गरी नेपालभरिका सहभागी सामसङका आधिकारिक बिक्री केन्द्रहरूमा गई यो सुविधा लिन सक्नेछन्। 'एनसेलमा हामीले सधैँ कनेक्टिभिटी सेवामा मात्र सीमित नभई ग्राहकलाई थप मूल्य र लाभ प्रदान गर्ने लक्ष्य राख्दै आएका छौँ। यसै प्रतिबद्धतालाई निरन्तरता दिँदै यस चाडपर्वको अवसरमा सामसङसँग सहकार्य गर्न पाउँदा हामी हर्षित छौँ। यस सहकार्यबाट हाम्रा ग्राहकले विश्वासिलो ब्रान्डका घरायसी विद्युतीय उपकरण खरिद गर्दा अतिरिक्त छुटको लाभ लिन सक्छन्। यसले चाडपर्वको खुसीलाई अझ बढाउनुका साथै ग्राहकलाई खुसी साट्दै चाडपर्व मनाउन थप उत्साह प्रदान गर्ने विश्वास लिएका छौं,' यस सहकार्यबारे आफ्नो धारणा व्यक्त गर्दै एनसेलका प्रोडक्ट डाइरेक्टर ललित शारदाले भने।




यस सहकार्यले एनसेलको देशव्यापी ग्राहक पहुँच तथा डिजिटल प्लेटफर्मलाई सामसङका उपभोक्ता इलेक्ट्रोनिक्स उत्पादन र आधिकारिक बिक्री सञ्जालसँग जोडेको छ। यसले ग्राहक तथा उपभोक्ता अनुभवलाई थप सहज तथा लाभदायी बनाउने उद्देश्य राखेको छ। यो अतिरिक्त छुट प्राप्त गर्न योग्य ग्राहकले एनसेल एपको 'पार्टनर्ड सर्भिसेज' सेक्सनमा गई आफ्नो योग्यता जाँच गर्नुपर्नेछ। त्यसपश्चात्, नेपालभरिका रहेका कुनै पनि सामसङका आधिकारिक बिक्री केन्द्रमध्ये आफूलाई पायक पर्ने केन्द्रमा गई छुट लिन सकिन्छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ